# लेखापरीक्षण प्रतिवेदन

## हलेसीतुवाचुङ नगरपालिका, खोटाङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## हलेसीतुवाचुङ नगरपालिका, खोटाङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

स्वतन्त्रता *(Independence)*
निष्ठा *(Integrity)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*
व्यावसायिकता *(Professionalism)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/374

श्रीमान् नगरप्रमुखज्यू

हलेसीतुवाचुङ नगरपालिका

नगरकार्यपालिकाको कार्यालय,

खोटाङ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )

नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/374

श्रीमान् नगर प्रमुखज्यू ,
हलेसी तुवातुङ नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
हलेसी, खोटाङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

## १. कैफियत सहितको राय

हामीले तहाँ नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तिय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तिय विवरणमाअन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय-व्यय समेत रु.१ अर्ब ६६ करोड २९ लाख ८५ हजारको लेखापरीक्षण गर्दा रु.१ करोड ६५ लाख ४६ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.६३ लाख २ हजार फर्स्यौटभई असुल गर्नुपर्ने रु.८ लाख १० हजार,प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ लाख ७० हजार रनियमित गर्नुपर्ने रु.९० लाख ६४ हजार गरी जम्मा रु.१ करोड २ लाख ४४ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु.२३ करोड २८ लाख ६६ हजारमा यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.२४ करोड ३१ लाख ९ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन,विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेकाछन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | सम्परीक्षणबाट फछ्र्यौंट | | | सम्परीक्षण बाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०४ | १०६ | १,६५,४५,८८८ | ० | ६९ | ६३,०२,३४५ | ० | १०४ | ३७ | १,०२,४३,५४३ | ८,०९,९७४ | ९०,६४,००३ | ३,६९,५६६ | ० | ० | ९४,३३,५६९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| खोटाङ | २३,२८,६५,८३७ | | ० | २३,२८,६५,८३७ | ० | १,०२,४३,५४३ | २४,३१,०९,३८० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन उपरको सम्परीक्षण बिवरण** | | | | |
| १ | २०८१/८२ | ६६ | स्थानिय भत्ता | १५,९३,०२१ |
| २ | २०८१/८२ | ४.३ | वित्तीय विवरण परीक्षण | २,८०,००० |
| ३ | २०८१/८२ | ६५ | तयामा खियामा प्रतिमा निर्माण | २६,८५,१५० |
| ४ | २०८१/८२ | ८६ | ज्यालादारीलाई पारीश्रमिक | ६,००० |
| ५ | २०८१/८२ | ३२.५ | खरिदतर्फ | ३,४९,८४८ |
| ६ | २०८१/८२ | ६३ | खरिद गरी मौज्दात | १३,०६,२८० |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८१/८२ | ३६.५ | आन्तरिक आय | ६६,००० |
| ८ | २०८१/८२ | ४५ | अग्रिम कर | १६,०४६ |
| **जम्मा** | | | | **६३,०२,३४५** |

# हलेसीतुवाचुङ नगरपालिका, खोटाङ

# ( ८०१०८४०२३०० )

# हलेसी तुवाचुङ नगरपालिका , खोटाङ

# परिचय

१ **परिचय**

**(क) पालिकाको परिचय** - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा, २८०.१७ वर्ग किलोमिटर क्षेत्रफल तथा २७०७२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।२० देखि २०८२।७।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय – व्ययतर्फ रु.१६६२९८५३९०.१६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३२,७९,६४१।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | दाखिला हुन बाँकी कर असुल दाखिला। | २७८७ |
| २ | निष्कृय खातामा रहेको रकम असुल दाखिला। | २८५९९१० |
| ३ | मु. अ.कर दाखिला । | ७३७७० |
| ४ | दाखिला हुन बाँकी कर असुल दाखिला। | ३३८५ |
| ५ | विज्ञापन बोर्डको कम कट्टी गरेको असुल दाखिला। | ७८५७ |
| ६ | दैनिक भ्रमण भत्ता असुल दाखिला। | २६२५० |
| ७ | पारीश्रमिक कर असुल दाखिला। | ६२५७ |
| ८ | फाठ्यपुस्तक खरिदमा बढी भुक्तानी असुल । | ९३३६ |
| ९ | छात्रवृत्ती बढी निकासा फिर्ता। | ७९६०५ |
| १० | दैनिक भ्रमण भत्ता असुल दाखिला। | ९००० |
| ११ | पारीश्रमिक कर दाखिला। | २५३४८ |
| १२ | सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी असुल दाखिला । | ३७२०१ |
| १३ | मृत्यु भएको खातामा बढी भुक्तानी र निष्कृय खाताको रकम असुल दाखिला। | १३८९३५ |
| **जम्मा** | | **३२७९६४१** |

२ **आर्थिक कारोबारको एकीकृत विवरण -**

पालिकाको **आर्थिक वर्ष** २०८१।०८२ को एकीकृत **प्राप्ति तथा भुक्तानीको विवरण** देहायअनुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | | सि.नं | भुक्तानीतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | क. | **चालु खर्च तर्फ :-** | | |
| | **क) बैंक** | | | | **१. समानीकरण/ राजस्व बाँडफाँट/ आन्तरिक स्रोत चालु खर्च :-** | | |
| | १. ग-३ धरौटी खाता, ०७०००६५०९१७०००२५ | १०८७०१९३.५७ | | | संघीय सरकार-समानिकरण अनुदान | ६७२१२४७.०० | |
| | २. ग-२-७/ २.३ बिबिध खर्च खाता, ०७०००६५०९१७००१३२ | ६१४३७३१.६६ | | | राजस्व बाँडफाँट — स्थानीय | ५४००००.०० | |
| | ३. ग-७-२ प्रकोप ब्यबस्थापन कोष,०७०००६५०९१७००१६२ | २२३७१८.२२ | | | आन्तरिक स्रोत - आन्तरिक स्रोत | २१६०६९६४.२० | |
| | | | | | राजस्व बाँडफाँट - प्रदेश सरकार | ६७४८७६८.७२ | |
| | ४. ग-४-१ संचित कोष खाता, ०७०००६५०९१७००१४२ | ४८६९५३९५.९१ | | | राजस्व बाँडफाँट - संघीय सरकार | ८६६७०३३८.६० | |
| | ५, लैंगिक हिंसा कोष, ०७०००६५०९१७००१७२ | २८००००.०० | | | **जम्मा खर्च :-** | १२२२८७३१८.५२ | **१२२२८७३१९** |
| | | | | | **२. संघीय सरकार-शसर्त अनुदान,चालु खर्च :-** | | |
| | **गत वर्षको जिम्मेवारी जम्मा :-** | **६६२१३०३९.३६** | **६६२१३०३९.३६** | | संघीय सरकार-शसर्त अनुदान चालु,GOV | २७३१९२६९२.६४ | |
| | | | | | आन्तरिक ऋण-आन्तरिक स्रोत-नगद ऋण | ०.०० | |
| २ | **राजश्व (आन्तरिक आय) :-** | | | | आईडिए-सोधभर्ना हुने ऋण (बैदेशिक) | ४९०९६४७.०० | |
| | **क) आन्तरिक राजश्व** | | | | एस.ई. एस.पी.-सोधभर्ना ऋण (बैदेशिक) | ७८४६९६५.०० | |
| | १. आन्तरिक स्रोत | ९१९५५५७.७० | | | एस.ई. एस.पी.-सोधभर्ना अनुदान (बैदेशिक) | ६४९६०००.०० | |
| | | | | | स्वीट्जरल्याण्ड - एसडीसी-नगद अनुदान (बैदेशिक) | ०.०० | |
| | **ख) राजश्व बाँडफाँट** | | | | युरोपियन युनियन-नगद अनुदान (बैदेशिक) | ९८१०००.०० | |
| | १. राजस्व बाँडफाँट — स्थानीय सरकार | ३५०७३७३.४० | | | **जम्मा खर्च :-** | **२९३४२६३०४.६४** | **२९३४२६३०५** |
| | २. राजस्व बाँडफाँट - संघीय सरकार | १०७१२३४५६.८७ | | | **३. प्रदेश सशर्त अनुदान, चालु खर्च :-** | **८७७६३८५.००** | **८७७६३८५** |
| | ३. राजस्व बाँडफाँट - प्रदेश सरकार | १६९१७१४८.०८ | | | **कुल जम्मा चालु खर्च :-** | **४२४४९०००८.१६** | |
| | **आन्तरिक राजश्व जम्मा :-** | **१३६७४३५३६.०५** | **१३६७४३५३६.०५** | ख. | **पुजीगत खर्च तर्फ :-** | | |
| | | | | | **१. समानीकरण/ राजस्व बाँडफाँट/ आन्तरिक स्रोत पुजीगत खर्च :-** | | |
| ३ | **वित्तीय हस्तान्तरण संघ :-** | | | | संघीय सरकार-समानिकरण अनुदान | ७५६४६३२२.०० | |
| | १. वित्तीय समानीकरण अनुदान | ९६०७२७२०.०० | | | प्रदेश सरकार-समानिकरण अनुदान | ५२९६५५७.०० | |
| | २. सशर्त अनुदान चालु | ३२५५५५५००.०० | | | राजस्व बाँडफाँट - प्रदेश सरकार | २८६५९४.०० | |
| | ३. सशर्त अनुदान पुँजिगत | १३८००००००.०० | | | राजस्व बाँडफाँट - संघीय सरकार | ७७४४५०५.०० | |
| | ४. विशेष अनुदान | २६००००००.०० | | | आन्तरिक स्रोत - आन्तरिक स्रोत | २६५५७३०४.०० | |
| | **वित्तीय हस्तान्तरण संघ जम्मा :-** | **४६१४२८२२०.००** | **४६१४२८२२०.००** | | राजस्व बाँडफाँट — स्थानीय | ५२८०००.०० | |
| | | | | | **जम्मा खर्च :-** | **११६०५९२८२.००** | **११६०५९२८२** |
| | | | | | **२. संघीय सरकार-शसर्त अनुदान,पुजीगत खर्च :-** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान :-** | | | | संघीय सरकार-शसर्त अनुदान पुँजीगत, आन्तरिक ऋण | ११६०७३५५.०० | |
| | १. कोशी प्रदेश समानीकरण अनुदान | ६४०३०००.०० | | | विशेष अनुदान पुजिगत | २०९५१६०९.०० | |
| | २. सशर्त अनुदान.कोशी प्रदेश सरकार, चालु | ९१५२०००.०० | | | | | |
| | ३. सशर्त अनुदान.कोशी प्रदेश सरकार, पुजीगत | ३७६००००००.०० | | | | | |
| | ४. प्रदेश सरकार-समपूरक अनुदान | १३००००००.०० | | | | | |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **६६१५५०००.००** | **६६१५५०००.००** | | **जम्मा खर्च :-** | **३२५५८९६४.००** | **३२५५८९६४** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा :- | | | | | | |
| | | | | | ३. संघीय सरकार-सम्पुरक अनुदान,पुजीगत खर्च :- | ०.०० | |
| ५ | **धरौटी :-** | | | | **४. प्रदेश पुजीगत शसर्त अनुदान तर्फ :-** | | |
| | १. चालु आ.व. को धरौटी | ३७०५६८२.०० | | | प्रदेश सरकार-शसर्त अनुदान पुँजीगत | ३३०७८०८६.०० | |
| | **धरौटी जम्मा :-** | **३७०५६८२.००** | **३७०५६८२.००** | | प्रदेश सरकार-समपूरक अनुदान पुँजीगत | १२६४७३९५.०० | |
| | | | | | **जम्मा खर्च :-** | **४५७२५४८१.००** | **४५७२५४८१** |
| ६ | **अन्य :-** | | | | **कुल जम्मा पुजीगत खर्च :-** | **१९४३४३७२७.००** | |
| | १. ग-२-७/ २.३ बिबिध खर्च खाता, | १८४०५२०५.३३ | | **ग.** | **धरौटी :-** | | |
| | २. प्रकोप व्यवस्थापन कोष | ७७८१०८४.९४ | | | **१. धरौटी फिर्ता** | **२६२१६४४.५७** | **२६२१६४५** |
| | ३.विविध कोष खाता | ४६५३४४.०० | | **घ.** | **अन्य :-** | | |
| | | | | | **१. ग-२-७ बिबिध खर्च खाता :** | १८९४६४९२ | |
| | **अन्य जम्मा :-** | **२६६५१६३४.२७** | **२६६५१६३४.२७** | | **२. ग-७-२ प्रकोप ब्यबस्थापन कोष :** | ७८२०५०२ | |
| ७ | **सामाजिक सुरक्षा तथा संरक्षण :-** | **१२९३४९०४८.००** | | | | | |
| ८ | **एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम** | **७७०९३०५.००** | | | कोलेनिका निकाशा फिर्ता | ४४६२०३६५.३६ | |
| ९ | **घरेलु तथा साना उद्योग प्रबर्धन केन्द्र** | **४८८८४२.००** | | | **जम्मा खर्च :-** | **७१३८७३५९** | **७१३८७३५९** |
| | | **१३७५४७१९५.००** | **१३७५४७१९५.००** | | **सामाजिक सुरक्षा तथा संरक्षण :-** | **१२९३४९०४८.००** | **१३७६३०२९०** |
| | | | | | **एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम** | **७७०९३०५.००** | |
| | | | | | **घरेलु तथा साना उद्योग प्रबर्धन केन्द्र** | **४८८८४२.००** | |
| | | | | **च.** | **मौज्दात :-** | | |
| | | | | १ | **संचित कोष- ०७०००६५०९१७००१४२** | **४९४८४९५५** | **६७९७१२७७** |
| | | | | २ | **ग-३ धरौटी खाता, ०७०००६५०९१७०००२५** | **११९५४२३१.००** | |
| | | | | ३ | **ग-७-२ प्रकोप ब्यबस्थापन कोष,०७०००६५०९१७००१६२** | **१८४३०१.१६** | |
| | | | | ४ | **लैंगिक हिंसा कोष, ०७०००६५०९१७००१७२** | **२८००००.००** | |
| | | | | ५ | **ग-२-७ बिबिध खर्च खाता, ०७०००६५०९१७००१३२** | **५६०२४४५.८४** | |
| | | | | ६ | **विविध कोष खाता, ०७०००६५०९१७००११२** | **४६५३४४.००** | |
| | **कुल जम्मा आय :-** | ८९८४४४३०६.६८ | | | | ८९८४४४३०६.३३ | ० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०१।८२ को वित्तीय प्रतिवेदन प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) देहाय बमोजिम रहेको छ:

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **वित्तीय विवरण परीक्षण -**

४.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरणमा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२,९३,४९,०४८।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको

रु.७७,०९,३०५।– र घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको रु.४,८८,८४२।- समेत गरी रु.१३,७५,४७,१९५। एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

• पालिकाले गत वर्षको एकीकृत वित्तीय विवरणमा अन्तिम मौज्दात र यो वर्षको एकीकृत वित्तीय विवरणमा शुरु मौज्दात रु.६,६२,११,९४३।१६ जिम्मेवारी सारेको छ ।

• पालिकाको गो.भौ.नं. २५४ मिति २०८१।९।१६ को पेश्की रकम रु.१५०००।– गो.भौ.नं. ४८२ मिति २०८१।१२।१३ न.पा चालुबाट फर्स्यौट भैसकेको तर शुत्रमा फर्स्यौट गर्न बाँकी पेश्कीको मास्केवारी म.ले.प.फा.नं. २११ मा बाँकी देखाएको छ।

• पालिकाको एकीकृत आर्थिक विवरणमा गत वर्षको जिम्मेवारी रु.६६२१३०३९.३६ र एकीकृत वित्तीय प्रतिवेदनमा रु.६६२११९४३.१६ देखाएको छ।फरक रु.१०९६.२ एकीकृत वित्तीय प्रतिवेदनमा घटी देखाएको सम्बन्धमा एकीन हुनु पर्दछ।

• पालिकाबाट प्राप्त कार्यसंचालन कोष हिसाव विवरण अनुसार पालिकाको आर्थिक विवरणमा कोष मौज्दात रु.१३२९४८९९।– देखाएकोमा यथार्थ कोष मौज्दातको हिसाव रु.१२५०४१८२।– रहेको देखिन्छ। आर्थिक विवरण र कोष हिसाव विवरणमा फरक देखिएको रु.७९०७१७।– सम्बन्धमा यकीन हुनुपर्दछ।

४.२ **बैङ्क हिसाव** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ। पालिकाको निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दात देहाय अनुसार रहेको छ।

| **खाताको प्रकार** | **श्रेस्ताअनुसार बाकी रु.** | **बैंकअनुसार बाकी रु.** |
|---|---|---|
| ग२.३, विविध खर्च खाता | ५६,०२,४४५.८४ | ५६,०२,४४५.८४ |
| ग३.१, स्धानीय तह धरौटी खाता | १,१९,५४,२३१.०० | १,१९,५४,२३१.०० |
| ग४.१, स्थानीय तह सञ्चित कोष खाता | ४,९४,८४,९५५.२४ | ४,९४,८४,९५५.२४ |
| ग५.१, स्थानीय तह विविध कोष खाता | ४,६५,३४४.०० | ४,६५,३४४.०० |
| ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १,८४,३०१.१६ | १,८४,३०१.१६ |
| **जम्मा** | **६,७६,९१,२७७.२४** | **६,७६,९१,२७७.२४** |

पालिकाको बैंक मौज्दात रु.६,७६,९१,२७७.२४ मध्ये विविध खर्च खाताको मौज्दात रु.५६०२४४५.८४ बैंक स्टेटमेन्ट अनुसार मौज्दात देखाएको तर शुत्रको हिसावमा मौज्दात देखाएको छैन । पालिकाले स्रेस्ता, बैंक र शुत्रको हिसावमा यथार्थता प्रस्तुत गर्नु पर्दछ।

४.३ बैंक हिसावमा समावेश गरी मौज्दात देखाएको -

..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **२८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४.४ **सञ्चित कोषको वित्तीय स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ ।पालिकाले प्राप्ति भन्दा ट्रान्सफर बढी गरेको कारण रु.१०९२०२२९।- न्यून मौज्दात भएको देखिन्छ । पालिकाको सञ्चित कोषको वित्तीय स्थिति देहाय अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | प्राप्ती | ट्रान्सफर | मौज्दात |
|---|---|---|---|---|
| १ | आन्तरिकस्रोत | ५,७८,८९,८५७.४१ | ५,१७,००,०००.०० | ६१८९८५७.४१ |
| २ | राजस्वबाँडफाँट | १२,७५,४७,९७८.३५ | ११,०७,६०,४२०.३४ | १६७८७५५८.०१ |
| ३ | समानिकरणअनुदान | १०,२४,७५,७२०.०० | ९,१७,५३,०००.०० | १०७२२७२० |
| ४ | शसर्तअनुदान चालु | ३०,२२,०२,६८९.६४ | ३३,४७,०७,५००.०० | -३२५०४८१०.३६ |
| ५ | शसर्तअनुदान पुँजीगत | ४,४६,८५,४४१.०० | ५,१४,००,०००.०० | -६७१४५५९ |
| ६ | विषेशअनुदान पुँजीगत | २,०९,५१,६०९.०० | २,६०,००,०००.०० | -५०४८३९१ |
| ७ | समपूरकअनुदान पुँजीगत | १,२६,४७,३९५.०० | १,३०,००,०००.०० | -३५२६०५ |
| ८ | जम्मा | ६६,८४,००,६९०.४० | ६७,९३,२०,९२०.३४ | (१,०९,२०,२२९.९४) |

पालिकाले संचित कोष हिसाबको श्रेस्ता अभिलेख समेत अद्याबधिक राख्नुपर्दछ ।

४.५ **फरक हिसाव** - पालिकाले सुत्रबाट तयार गरेको कोषको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन र एकीकृत प्राप्ति र भुक्तानीको विवरण अनुसार देहाय बमोजिम को हिसाबमा फरक परेको देखियो।पालिकाको सुत्रको हिसाबमा समाबेश नभएको अन्तरसरकारी वित्तीय हस्तान्तरणको कुल रु.१३७५४७१९५।- प्राप्ति तथा खर्च गरेको देखियो । उक्त रकम समायोजन गर्दा हुने वित्तीय विवरणको आम्दानीमा रु.७४९७४६८१।- र खर्चमा रु.७४०१००९९.५२ फरक परेको देखिन्छ।

| शिर्षक | गत वर्षको जिम्मेवारी | आम्दानी | खर्च | मौज्दात |
|---|---|---|---|---|
| म.ले.प.फा.न.२७० | ६६२११९४३.१६ | ६१९७०९३९०.६९ | ६१८९१५७३५.१६ | ६७६९४२७७.२४ |
| एकीकृत हिसाव | ६६२१३०३९.३६ | ८३२२३१२६७.३२ | ८३०४७३०२९.६८ | ६७९७१२७७ |
| फरक | १०९६.२० | २१२५२१८७६.६३ | २११५५७२९४.५२ | २७६९९९.७६ |

यस सम्बन्धमा पालिकाले यकिन गरी समष्टीगत आर्थिक कारोबारको विवरणमा यथार्थ अवस्थाको चित्रण गर्नुपदर्छ ।

५ **बजेट तथा कार्यक्रम** -

५.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३।१० मा रु.७२ करोड ९० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२८ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८१।३।३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५.२ **योजनाको प्राथमिकीरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा वडागत र पालिकास्तरका कुल ३६५ योजनामा पुँजीगत शीर्षकमा

रु.१९,४३,२५,७२७।– खर्च गरेको छ। सो मध्ये उपभोक्ता समितिबाट ३२१ योजनाहरुको रु.७,१४,४९,७८०।– रहेको छ। संचालित योजनामध्ये ८७.९ प्रतिशत योजना उपभोक्ता समितिबाट संचालन भएको देखिन्छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | १-५लाखसम्म | ५-२० लाखसम्म | २० लाख भन्दा माथी |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय र वडास्तरीय | ३६५ | २८९ | ६२ | १४ |
| २. | रकम(रु.हजारमा) | १९४३२५ | ४७८२७ | २२७२८ | ९६७७० |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना बाहेक बजेट विनियोजन भएका रु.३३ लाख ५० हजारका ६ योजना कार्यान्वयन हुन सकेको देखिएन । पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।

५.३ **एकमुष्ट बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को २ मा बजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथी छलफल गरी सभाबाट पारित हुने बजेटमा एकमुष्ट राख्न मिल्ने देखिदैन यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले बजेट तर्जुमा गर्दा आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत बजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि एकमुष्ट बजेट राख्न मिल्ने देखिदैन । यस पालिकाले यो वर्ष अन्य मर्मत तथा सम्भारमा रु.२०,००,०००।- एकमुष्ट बजेट व्यवस्था गरी १२ योजनामा रु.९,७८,०००।- खर्च गरेको छ। बजेट एकमुष्ट राखी कार्यपालिकाको निर्णयबाट सभाले समर्थन गरी खर्च गरेको देखिन्छ । यसमा सुधार गरी बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

५.४ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले ५ भवन निर्माण योजनाको खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.१,५६,००,०००।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५.५ **बार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्यन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आ.व. २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रममा समावेस भएका तर सो नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐनमा देहाय बमोजिमका बिषयहरु समावेश भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वयन गरिनुपर्दछ ।

क. नीति तथा कार्यक्रममा समावेश भएका तर विनियोजन ऐनमा समावेश नभएका कार्यक्रमहरु

• नीति तथा कार्यक्रमको बुँदा नं १(क) मा उल्लेख भएको दीगो विकासको १५ औँ लक्ष्य जमिन माथिको जैविक विविधताको संरक्षणलाई आत्मसाथ गर्दै बाँझो रहेको जमिनमा कृषि तथा पशुपालन, उद्योग स्थापना एवं वनजन्य उत्पादन बढाइ युवालाई स्थानीयस्तरमै रोजगारीको वृद्धि गरिने आर्थिक विकासको कार्यक्रम।

• नीति तथा कार्यक्रमको बुँदा नं १ (ख) मा उल्लेख भएको हलेसि क्षेत्रको पर्यटकीय सम्भावनाहरुलाई मौलिक रैथाने स्वाद सहित विकास गर्न संग्राहलय सम्बन्धि नविन अभ्यास र धार्मिक तथा पर्यटकिय मिल्दोजुल्दो क्षेत्र भएको छिमेकी राष्ट्र तथा विभिन्न राष्ट्रहरुको नगरपालिकासँग सिस्टर सिटि कायम गरी बाह्य पर्यटक भित्र्याउने कार्यक्रम।

• नीति तथा कार्यक्रमको बुँदा नं २(ग) मा उल्लेख भएको सुविधा सम्पन्न अस्पतालहरुसँगको समन्वयमा टेलिमेडिसिन सेवा उपलब्ध गराउन व्यवस्था मिलाउने कार्यक्रम।

• नीति तथा कार्यक्रमको बुँदा नं ३(ख) मा उल्लेख भएको वन तथा वातावरण संरक्षणका लागि क्लिन एण्ड ग्रिन सिटि अभियान संचालन गर्ने कार्यक्रम।

• नीति तथा कार्यक्रमको बुँदा नं ५(क) मा उल्लेख भएको पालिकामा करारमा कार्यरत कर्मचारीहरुका लागि कर्मचारी कल्याण कोषको व्यवस्था गरी कार्यान्वियन गरिने कार्यक्रम र ५(ख) मा उल्लेख भएको पालिकाबाट प्रवाह हुने सेवामा इ-सिफारिश पत्र जस्ता इ-सेवाको व्यवस्था बनाउन कार्यविधि र कार्यशैलीमा सुधार गरिने कार्यक्रमहरु विनियोजन ऐनमा समावेश गरेको देखिदैन।

ख. पालिकाको विनियोजन ऐनमा समावेश भएका तर कार्यान्वियन नभएका योजना तथा कार्यक्रमहरु

• नाम्खा गाउँपालकासँग सहकार्यमा संरचान निर्माणको बजेट रु.५ लाख ।

• कृषि सहकारी संरचना निर्माण वडा नं ६ को बजेट रु.३ लाख ५० हजार।

• लागत साझेदारीमा दाना उद्योग स्थापनाको बजेट रु.१० लाख।

• इको म्युजियमको बजेट रु.३ लाख।

• नरिवल खेतिको बजेट रु.२ लाख।

• गुराँसे क्याटर घेरावालको बजेट रु.१० लाख।

पालिकाबाट कार्यान्वियन गर्न सकिने योजना तथा कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५.६ **योजना तथा बजेट कार्यान्वियन** - पालिकाको योजना तथा बजेटमा देखिएका प्रमुख वेहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण समेत गरिनुपर्दछ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम पालिकाले आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८१ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.२ करोड ९९ लाख ६४ हजार रकमान्तर गरेको छ। उक्त रकम बजेटको तुलनामा ४.११ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको देखिएन । साथै रकमान्तर गरेको रकम मध्ये ७ योजनामा रु.१४ लाख ३० हजार खर्च गरेको छैन।कार्यक्रम, बजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित बनाउन रकमान्तर गर्ने कार्यमा नियन्त्रण गरी योजना तथा बजेट कार्यान्वियनलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५.७ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | विवरण | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ३,५१,०७,०००.०० | २,९५,०८,०६७.०० | ४.७६ |
| २ | सामाजिकविकास | ४२,५५,१२,५००.०० | ३७,५३,१९,००३.३६ | ६०.६ |
| ३ | पूर्वाधारविकास | १२,०३,७०,४११.०० | ८,८२,६६,२९६.०० | १४.२६ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | १,३८,४२,३००.०० | १,०८,५४,४२३.०० | १.७३ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १३,८९,४३,४६६.०० | ११,४९,६७,९४५.८० | १८.५७ |
| **६** | **जम्मा** | **७३,३७,७५,६७७.००** | **६१,८९,१५,७३५.१६** | **१००.** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६०.६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.७३ प्रतिशत रहेको छ ।

(क) **खर्च बिश्लेषण** - पालिकाको एकीकृत वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० अनुसार पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.९१९५५५७।-, राजस्व बाँडफाँबाट रु.१३,६७,४३,५३६।- , अनुदानबाट रु.५२७५८३२२०।- समेत रु.६१,९७,०९,२९०।- आम्दानी भएकोमा चालुतर्फ रु.४२,४५,९०,००८।- र पूँजिगत तर्फ रु.१९,४३,२५,७२७।- समेत रु.६१,८९,१५,७३५।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.९७,३२,०००।- खर्च भएको छ जुन आन्तरिक आयको १०५.८३ प्रतिशत रहेको छ । पालिकाको ६८.६० प्रतिशत चालु र ३१.३९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५.८ **त्रैमासिक खर्च** - पालिकाको लागि स्विकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने बजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा पालिकाले कुल पुँजीगत खर्चको तुलनामा प्रथम चौमासिकमा ९.१३ प्रतिशत र दोस्रो त्रैमासिकमा ५.५८ प्रतिशत, तेस्रो त्रैमासिकमा २४.०५ तथा चौथो त्रैमासिकमा ६१.२३ प्रतिशत खर्च गरेको देखिन्छ । कुल पुँजीगत खर्चको तुलनामा आषाढ महिनामा मात्र ४०.९९ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

| खर्च शिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पुँजीगत खर्च | १९४३२६ | १७७५५ | १०८४५ | ४६४७० | ११८९८५ | ७९६६४ |
| प्रतिशत | १०० | ९.१४ | ५.५८ | २४.०५ | ६१.२३ | ४०.९९ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल पुँजीगत खर्चको चौथो त्रैमासिकमा ६१.२३ प्रतिशत र आषाढ महिनामा ४०.९९ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक वर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

६ **लक्ष्य प्रगति** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

| कार्यक्रम तथा बजेट उपशिर्षक | कार्यक्रम/योजना संख्या | यो वर्ष खर्च | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|---|
| | | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| नगरपालिका | ३१८ | ११६०४१ | ९ | ० | ५ | ३०४ |
| संघिय ससर्त | ६ | ३२५५८ | १ | ० | ० | ५ |
| प्रदेश सरकार ससर्त | ४१ | ४५७२५ | १ | ० | ० | ४० |
| **जम्मा** | **३६५** | **१९४३२४** | **११** | 0 | **५** | **३४९** |

पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार ३६५ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगति हुने ११ योजना तथा कार्यक्रम रहेको छ। ५० प्रतिशतसम्म प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या ५ र ७५ प्रतिशतसम्म प्रगति हासिल गर्ने योजना संख्या ३४९ रहेको देखिन्छ।कम कार्यक्रम खर्च र योजना संचालन नभएको कारण ७५ प्रतिशत भन्दा बढी प्रगति नभएको पालिकाको भनाइ रहेको छ। प्रगति प्रतिवेदन तयार गरी सम्पादिन कार्यक्रमको उपलब्धि मापन गर्नुपर्दछ।

७ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको देखिएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही वेहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी संघीय प्रदेश ऐन नियम कार्यविधिको आधारमा बैठक भत्ता लगायतका कार्यक्रमा रु. ५ लाख ११ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको देखिएन ।

• पालिकाले उद्वेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको अभिलेख अद्यावधिक गरी राखेको देखिएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा पालिकाको दुइ त्रैमासिक कारोबारको मात्र आन्तरिक लेखापरीक्षण भएको र बाँकी कारोबारको आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन पेश गरेको छैन। आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको छ।

• सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम बार्षिक खरिद योजना तयार गरेको छैन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता म.ले.प.फा.नं ५०७ तयार गरेको देखिएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको देखिएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण वापत रू.३० लाख ९३ हजार खर्च लेखेकोमा भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको देखिएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको देखिएन ।

• म.ले.प. फा. न. ५०३ बमोजिम नापी नियन्त्रण अभिलेख खाता राखेको देखिएन ।

• स्थानिय सरकार संचालन एन २०७४ को दफा ९७ वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण अभिलेख राखेको देखिएन ।

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम पालिकाले कार्यक्रमसहीतको कार्ययोजना तयारी गरी लागु गरेको देखिएन ।

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको नदेखिएको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता र पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित रहेको देखिएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार संघीय सार्वजनिक खरिद ऐनको अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्नसक्ने व्यवस्था रहेकोमा सो अनुसार पालिकाले नियमावली तर्जुमा गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• पालिकाले शिक्षा ऐन, २०७६ बमोजिम विद्यालयमा कार्यरत शिक्षकको विवरण अभिलेख अद्यावधिक गरि नराखेको,

• पालिकामा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

• बेरुजु लगतका लागि तयार गरीएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,

ऐन तथा नियमावलीमा भएको व्यवस्थाको परीपालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **नगर अस्पताल संचालन स्थिति** -

पालिकाको नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ अनुसार पालिकामा नगर अस्पतालको सेवा संचालन गरेको देखिन्छ। पालिकाको १५ शैयाको नगर अस्पताल निर्माणाधिन रही रहेकोमा दुर्छिम अस्पतालबाट ५ वेडको सेवा प्रवाह भएको देखियो। पालिकाबाट स्वास्थ्य चौकिका कर्मचारीहरुलाई परिचालन र थप जनशक्ति संगठन व्यवस्थापन सर्वेक्षण गरी जनशक्ति परिचालन भएकोमा पालिकाबाट आ.ब. २०७९।८० मा रु.१५ लाखको एकमुष्ट औषधी खरिद गरी घुम्ति कोष बाट संचालन भएको जानकारी प्राप्त भएको छ। पालिकाबाट यस वर्ष औषधी तथा उपकरणमा रु.६६२०००।– र थप जनशक्ति परिचालनमा रु.१२ लाख समेत रु.१८६२०००।– खर्च भएकोमा नगर अस्पतालबाट रु.१०६७४९०।- आम्दानी गरी पालिकाको आन्तरिक आयमा दाखिला भएको विवरणबाट देखिएको छ। पालिकाबाट नगर अस्पताल संचालनको आयव्यय तयार गरी अभिलेख व्यवस्थित रुपमा राख्नुपर्दछ।

९ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले खाना खाजा विविध कार्यक्रममा रु.१५ लाख र सभा खर्च रु.५ लाख ८६ हजार समेत एकमुष्ट रू.२० लाख ८६ हजार खर्च गरेको छ। जुन आन्तरिक आय रु.९१९५५५७।- को तुलनामा २२.६ प्रतिशत रहेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

१० **आर्थिक सहायता** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष पालिकाको आर्थिक सहायता वितरण सम्बन्धि कार्यविधि, २०८० बमोजिम विभिन्न ३१ विरामि तथा विपद प्रभावित व्यक्तिलाई रू.९,६०,०००।- आर्थिक सहायता वितरण गरेको देखियो। जुन आन्तरिक आय रू.९१९५५५७।- को १०.४३ प्रतिशत हुन जान्छ। यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ। यस प्रकारको खर्चको सार्वजनिकीकरण समेत गर्नुपर्दछ।

११ **नगद अनुदान** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२)(छ) मा स्थानीयस्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी तोकिएका १३ वटा कार्य गर्ने पालिकाको काम कर्तव्य र अधिकार तोकिएको छ। नगर कार्यपालिकाको मिति २०८१।१२।१३ को निर्णयानुसार पालिकाले शुशिला विश्वेश्वर स्मृति प्रतिष्ठान विराटनगरलाई आर्थिक सहयोग बापत नगद रु.५ लाख अनुदान विनियोजन ऐन अनुसारको आर्थिक सहायता शीर्षकबाट भुक्तानी गरेको छ। पालिकाले आर्थिक सहायता दिने मापदण्डमा समेत यस्तो नगद सहायता दिने प्रावधान देखिदैन। अत: कार्यक्षेत्र भन्दा बाहिरको मापदण्ड समेत नभएको नगद आर्थिक सहायता दिएको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

१२ **अनुदान फिर्ता** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार फिर्ता हिसाव देहाय बमोजिम रहेको छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | फिर्ता मिति |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ३३९३५५५०० | ३०५०३३६५९।६४ | ३४३२१८४०।३६ | २०८२।०३।२९ |
| | विषेश | २६०००००० | २०९५१६०९ | ५०४८३९१ | २०८२।०३।२९ |
| **प्रदेश सरकार** | शसर्त | ४६७५२००० | ४१८५४४७१ | ४८९७५२९ | २०८२।०३।२९ |
| | समपूरक | १३०००००० | १२६४७३९५ | ३५२६०५ | २०८२।०३।२९ |
| | **जम्मा** | **४२५१०७५००** | **३८०४८७१३४।६४** | **४४६२०३६५।३६३** | |

१३ **आवधिक योजना** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा पालिकाले आफ्नो आधिकार क्षत्र भित्रका योजनामा स्थानीय तका विकासका लागी आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले प्रथम आवधिक योजना २०७६।७७-२०८०।८१ सम्मको लागी तयार गरी कार्यान्वयनमा ल्याएको देखियो । उक्त योजनामा क्षेत्रगत रुपमा बजेट अनुमान गरेकोमा देहाय बमोजिमका कार्यक्रममा बार्षिक योजनामा बजेटको व्यवस्था गरी सवै कार्यक्रमहरु समेट्न सकेको देखिएन । पालिकाले वार्षिक योजनासंग आवधिक योजनाको तादाम्यता हुनेगरी बजेट तथा कार्यक्रम तय गर्नुपर्दछ ।

| सि. नं. | तोकिएको कार्यक्रम | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | ग्राभेल सडक | २०० कि. मि | २ कि. मि . |
| २ | कालोपत्रे सडक | १६७ कि. मि . | ० |
| ३ | ल्याण्डफिल्ड साइट तथा फोहोर प्रशोधन केन्द्र | ३ वटा | १ वटा |

१४ **राजश्व सुधार योजना** -

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६५ अनुसार पालिकाले राजश्व सम्बन्धी कानुन बनाउन सक्ने व्यवस्था छ । पालिकाले आ.व. २०८०।०८१-०८४।०८५ सम्मका लागि राजश्व सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ । तर लक्ष्य अनुसार राजश्व संकलन गरेको देखिएन। राजश्व सुधार योजनाको कार्यान्वयनमा जोड दिदै राजश्वको क्षेत्र अभिवृद्धी गर्नु पर्दछ ।

१५ **संगठन तथा कर्मचारी व्यवस्थापन** -

१५.१ **जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १५० दरबन्दी स्वीकृत रहेकोमा १०३ जना पदपूर्ति भएको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार कृषि, भेटेनरी, प्रशासनिक कर्मचारी सहित ४७ पदहरु रिक्त रहेका छन । पालिकाको १३ औँ नगरसभाबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण मिति २०८०।३।१० मा स्वीकृत गरेको देखिन्छ। दरबन्दी तथा पदपुर्तिको अवस्था देहाय बमोजिम रहेको देखिन्छ ।

| विवरण | स्वीकृत दरबन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|
| पालिका तर्फ | ९१ | ४४ | ४७ | स्थायी २८ जना करार १६ जना |
| स्वास्थ्य तर्फ | ५९ | ५९ | ० | स्थायी ३२ जना करार २७ जना |
| **जम्मा** | **१५०** | **१०३** | **४७** | |

१५.२ करार कर्मचारीको पदपूर्ति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी पालिकाले नगर प्रहरी, सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। यस्तै सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्ने र सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नपाइने व्यवस्था छ। पालिकाको १३ औँ नगरसभाबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण मिति २०८०।३।१० मा स्वीकृत गरेकोमा स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम पद दर्ता नभएको र लोकसेवामा माग आकृति पठाएको देखिएन । पालिकामा पालिकाका तर्फ १६ जना र स्वास्थ्य तर्फका २७ जना गरी ४३ जना कार्यक्रम, कार्यालय सहायक, सवारी चालक समेतको करार सेवा बापतको यस वर्षको तलब रु.१,५३,००,०००।- खर्च गरेको छ।

१५.३ **वडा सचिवको जिम्मेवारी** - पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा ११ वडा कार्यालय रहेकोमा वडा नं ३ मा आयुर्वेद सेवामा प्राविधिक कर्मचारीलाई वडा कार्यालयको जिम्मेवारी तोकिएको देखिन्छ।कर्मचारी पदपूर्ति नभएको कारण प्राविधिक कर्मचारीलाई वडा कार्यालयको जिम्मेवारी प्रदान गरिएको पालिकाको भनाइ रहेको छ।

१५.४ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ तथा कोशी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ ( ४) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्यतर्फका ३५ कर्मचारीको रु.२४४६६०००।– र पालिकातर्फका ४ कर्मचारीको रु.२१८६१५५।– गरी जम्मा रु.२६६५२१५५।- तलव खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१६ **अवकास कोष** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले अवकाश कोष सम्बन्धी व्यवस्था गरेको देखिएन।

१७ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, ४४ कार्यविधि लगायत ७३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

१८ **न्यायिक समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर पालिकाबाट प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको २ गरी कुल ३ विवाद दर्ता भएकोमा ३ वटा फर्स्यौट भएको विवरणबाट देखिन्छ ।

१९ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS v२) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको वेहोरा निम्नानुसार छः

• पालिकाले गत विगत वर्षको मौज्दात रहेको PAMS लागु गर्नुपुर्वको सामानहरुको मूल्य खुलाई public assect management system (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा आ.व. ०७५।०७६ भन्दा अगाडीका सामानहरुको जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ती हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनका आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी अभिलेख अद्यावधिक गर्नुपर्नेमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन।

• घर जग्गा लगत अध्यावधिक नभएको कित्ता नं क्षेत्रफल उपयोगको अवस्था र प्रचलित बजार मूल्य कायम गरि श्रेस्ता अध्यावधिक नगरेको।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तीको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सम्पत्तीको प्राप्ति उपयोग तथा संरक्षणको अवस्थाको अभिलेख तयार गरेको देखिएन।

सम्पतिको उचित संरक्षण तथा व्यवस्थापन गरिनुपर्दछ ।

२० **यन्त्र उपकरण सञ्चालन** -

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको देखिएन । पालिकाले भारी सवारी साधन संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम सञ्चालन हुने गरेको छ। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| सि.नं | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १ | स्काभेटर १, क्याक्टर २ | नखुलेको | १६१४३५३ | नखुलेको | ३४७००० | १६१४३५३ | (१२६७३५३) |

पालिकाले उल्लेखित यन्त्र उपकरण संचालन गर्दा इन्धन मर्मत लगाएतको खर्चको अभिलेख नराखेको, इन्धन मर्मत खर्चमा पाम्सको प्रयोग नगरेको र आम्दानी अभिलेखको छुट्टै हिसाव तयार गरेको छैन। यी साधनहरुको प्रयोग भएको कामको अभिलेख समेत राखेको छैन । निर्माण कार्यमा प्रयोग भएको अवस्थामा उक्त कार्यको लागत अनुमान, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन समेत समावेश गर्नु पर्दछ ।

२१ **ईन्धन खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालयमा कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा आम्दानी बाँधी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे २१ थान, एम्बुलेन्स १ थान, व्याकहोल्डर १ थान, स्काभेटर १ थान, ट्याक्टर २ थान र जीप १ थान रहेकोमा इन्धनमा रु.३१५००००।- खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र स्काभेटर, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिएन। पालिकाले ईन्धन खपतको अभिलेख Public Asset Management System (PAMS) मा राखेको देखिएन। लगबुक समेत लेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

२२ **मर्मत सम्भार खर्च** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्येसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे २१ थान, एम्बुलेन्स १ थान, ब्याकहो लोडर १ थान, स्काभेटर १ थान, ट्याक्टर २ थान र जीप ३ थान रहेको देखियो। उल्लिखित सवारी साधनहरुको मर्मतमा रु.४८५६०००।– खर्च गरेकोमा मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता र पाम्समा अभिलेख राखेको छैन। यस्ता सामानको जिन्सी दाखिला तथा अभिलेख नराख्दा लिलाम विक्रि गर्नुपर्ने संख्या यकीन नहुने र मूल्याँकन समेत नहुने जोखिम हुन सक्दछ। नियमानुसार तोकिएको ढाँचामा जिन्सी सामानको अभिलेखाङ्कन गर्नुपर्दछ।

२३ **धरौटी** -

पालिकाले पेश गरेको विभिन्न प्रतिवेदन अनुसार गत वर्षको जिम्मेवारी सरेको धरौटी मौज्दात रु.१,०८,७०,१९३.५७ मा यस वर्षको प्राप्ति रु. ३७,०५,६८२.०० समेत जम्मा रु. १,४५,७५,८७५.५७ मा रु.२६,२१,६४४.५७ खर्च भई रु.१,१९,५४,२३१.०० मौज्दात रहेको देखिएको छ । पालिकाको धरौटी मौज्दात रकम मध्ये गत विगतको नामनामेसी नखुलेको विवरण यकिन नभएको, पालिकाको नाममा रहेको रु.२,७९,९६८।- देखिन्छ । प्रयोजन नखुलेको धरौटी रकमको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ र ६७ बमोजिमको प्रकृया अपनाई राजश्वमा आम्दानी बाध्नु पर्दछ ।

२४ **कार्य सञ्चालन तथा अन्य कोष** -

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने वेहोरा उल्लेख गरेको छ । पालिकाले यो वर्ष प्रकोप, विविध, लैङ्गिक हिंसा जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.१३२९४८९९।– मा यो वर्षको आम्दानी रु.५२७४३२७०.२४ समेत जम्मा रु.६६०३८१७०।– मा रु.५३५३३९८८।- खर्च गरी रु.१३२९४८९९.०८ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गर्दा खर्चमा दोहोरोपना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

२५ **पेश्की हिसाव** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ ।पालिकाले गत विगतमा कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्छौट नभई रु.२८८९०००।- बाँकी रहेको देखिन्छ । कुल पेश्की बाँकी मध्ये गत विगत वर्षको रु.२७८९०००।-

फछ्र्यौट हुन बाँकी पेश्की म्यान नाघेकोमा फस्र्यौट भएको छैन। पालिकाको पेश्की बाँकीको विवरणले रु.२८८९०००।- हुनुपर्नेमा रु.२९०४००।- देखाएको छ । पेश्की बाँकीको अभिलेख अद्यावधिक गरी यथार्थता प्रस्तुत गर्नुपर्दछ ।

२६ **सेवा प्रवाहको स्थिति** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिका तथा अन्तर्गतका वडाहरुबाट यसवर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २ |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ८९९ |
| मृत्युदर्ता | २३८ |
| बसाईसराई दर्ता | १७० |
| विवाह दर्ता | २७८ |
| सम्बन्धविच्छेद दर्ता | २७ |
| पूर्वाधार विकास सडक निर्माण | ० |
| कालोपत्रे सडक निर्माण (कि.मी) | ० |
| कालोपत्रे सडक मर्मत(कि.मी) | ० |
| ग्राभेल सडक निर्माण(कि.मी) | २ |
| ग्राभेल सडक मर्मत(कि.मी) | ० |
| नागरीक्ता सिफारीस | ११५८ |
| नाता प्रमाणित | २९१ |
| घरबाटो सिफारीस | १२९ |
| चारकिल्ला सिफारिस | ८१ |
| अन्य सिफारिस | ४५८७ |

पालिकाले ऐन बमोजिम प्रवाह गरेका सेवाको अभिलेख व्यवस्थित गरी सम्पादित सेवालाई सरल, सहज तुल्याउँदै सुचना प्रविधिमा आधारित बनाउनु पर्दछ।

२७ **निःशुल्क उपचार सहायता** -

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागि बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत कडा रोगको लागि यस वर्ष पालिकाबाट ६१ जनाको लागि रु.६१ लाख खर्च भएको विवरणबाट देखिन्छ। यस्ता खर्चको

पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ।

२८ **विपन्न नागरिक आर्थिक सहायता** -

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत यस वर्ष कडारोग विपन्न शिफारिश ३० जनाको लागि रु.३० लाख शिफारिश भएको देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम खुल्ने विवरण सम्वन्धित अस्पतालबाट प्राप्त गरी लक्षित वर्गले उक्त अनुदान वा सहायता पाए नपाएको बारेमा अनुगमन र विवरण वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

२९ **कृषि पशु अनुदान** -

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट ५५२ जनाको लागि रु.७६,६८,४८७।- खर्च भएको वेहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| कार्यक्रम | विउ मल | पशुचौपाया | अन्य | लाभग्राही संख्या | अनुदान रकम (रु) |
|---|---|---|---|---|---|
| ६०% अनुदानमा कृषि औजार खरिद तथा वितरण | | - | १२ घरधुरी कृषकलाई पालिकाको तर्फबाट ६०% लागत साझेदारीमा हाते ट्याक्टर वितरण | १२ | ५,००,००० |
| बदाम उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम | | | कुल १५८ कृषकलाई उत्पादनका आधारमा प्रोत्साहन रकम वितरण | १५८ | ६,३२,९०० |
| व्यवसायिक तरकारी खेती कार्यक्रम | | | १०२ घरधुरी कृषकलाई बेर्ना वितरण | १०२ | ९२,००० |
| कृषि, पशुपन्छीसँग सम्बन्धित लघुद्यमीलाई ऋणको ब्याज अनुदान कार्यक्रम | | | ऋणको ब्याज अनुदान रकम | ७ | २२,३८८ |
| सुन्तलाजात फलफूल विस्तार कार्यक्रम | २२२५ सुन्तला र कागतीको बेर्ना वितरण | | सुन्तलाजात फलफूल विस्तारका लागि ११ पोखरी निर्माण तथा २५ हिलटेक वितरण | ८३ | ९,९९,१९९ |
| रैथाने बाली प्रवर्द्धन कार्यक्रम | | | कोदोको विस्कुट उत्पादन तथा ब्राण्डिङ्ग सम्बन्धी सीप विकास तालिम तथा मेसिनरी उपकरणखरिद तथा वितरण | १५ | ६,००,००० |
| बंगुरपालन प्रबर्द्धन कार्यक्रम | | | १५ वटा बंगुर खोर निर्माण | १५ | २७,६३,००० |
| | | १०० वटा उन्नत जातका बंगुर पाठापाठी खरिद तथा वितरण | बंगुरपालन सम्बन्धी व्यवसायिक तालिम संचालन | ६२ | |
| नयाँ बाखा पकेट कार्यक्रम | | उन्नत बोका तथा पाठापाठी खरिदमा ५०% अनुदान वितरण | ५ वटा आधुनिक बाखा खोर निर्माण | ३५ | १४,६५,००० |
| | | | बाखापालन सम्बन्धी कृषक क्षमता विकास तालिम | | |
| डेरि प्रबर्द्धन कार्यक्रम | | | दुध संकलन केन्द्र स्थापनाका लागि डेरी सम्बन्धी उपकरण सामाग्री वितरण | १ | ५,९४,००० |
| **जम्मा** | | | | २११ | ६४,२१,१९९ |
| **कुल जम्मा (संघ सरकार, प्रदेश सरकार मार्फत प्राप्त सशर्त रकम र नगरपालिकाको समेत)** | | | | **५५२** | **७६,६८,४८७** |

पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३० **सहकारी नियमन** -

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३५ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका कोपोमिसको पासवर्ड प्राप्त गर्ने १३ सहकारी संस्था मध्ये १० वटाले मात्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको देखिन्छ। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३१ **खर्च वृद्धि** –

तपसिलका चालु प्रकृतिका काम/खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । पालिकाले मूल्यवृद्धि भएको कारणले वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

| सि.नं. | खर्च शिर्षक | २०८०।८१ को खर्च | २०८१।८२ को खर्च |
|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | १५२६३००० | १५३००००० |
| २ | इन्धन | २७०००००० | ३१५०००० |
| ३ | मसलन्द | २६८७००० | २९७५००० |

३२ **खरिदतर्फ** -

३२.१ **पुँजीगत खर्चको अवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजीगत शिर्षकबाट रु.१९४३२५७२७।- खर्च गरेकोमा रु.१०९३६२६०८।- अर्थात् ५६.२७ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट एक कार्यमा रु.१४११६१२।– अर्थात ०.७३ प्रतिशत, सोझै खरिदमा रु.१०८१७०००।– अर्थात ५.५७ प्रतिशत र उपभोक्ता समितिबाट रु.७१४४९७८०।– अर्थात ३६.७६ प्रतिशत को खरिद गरेको छ। सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

३२.२ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले निम्नानुसारका निर्माण कार्यको लागि विभिन्न निर्माण व्यवसायीबाट पटक पटक सोझै खरिद गरी रु.१८७६८७७।- खर्च गरेको छ । जुन पालिकाको पुँजीगत खर्चको १.३० प्रतिशत रहेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ ।

| गो.भौ.नं. र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ४८४ २०८२।०३।२४ | चारबोटो झो पु मर्मत | ४९९५५६ | के टि यम निर्माण सेवा |
| ६९ २०८२।०३।०२ | ज्यति मा वि ११ घेराबार | ६७९४९९ | मेरुङ निर्माण सेवा |
| ८५ २०८२।०३।१८ | लक्ष्मि मा वि घेराबार | ६९७८२२ | राधा भगवति निर्माण सेवा |
| **जम्मा** | | **१८७६८७७** | |

३२.३ **सफ्टवेयर खरिद र परिचालन** - सार्वजनिक खरिद नियमावली 2064 को नियम 3 अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गरेर विभिन्न २ सफ्टवेयरहरुमा गत वर्षसम्म

रु.६७०००००।- भुक्तानी गरेकोमा यो वर्ष खरिद भएको छैन। ती सफ्टवेयरको खरिदको अतिरिक्त वार्षिक मर्मत सुधारमा गत वर्ष सम्म रु.३२२४००।- खर्च गरेकोमा यो वर्ष रु.१३७६००।- समेत हाल सम्म बार्षिक मर्मत सुधारमा रु.११३००००।- खर्च गरेको देखियो। सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद, प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

३२.४ **सम्भाव्यता अध्ययन/डि.पि.आर** - सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्षसम्म तयार गरेको डिपिआर प्रतिवेदन अभिलेख नरहेकोले कायान्वयन अवस्थाको जानकारी हुन सकेन। यो वर्ष प्रशासनिक भवन निर्माण कार्यमा रु.३४९८४८।– खर्च गरेको छ। सो डिपिआरको अध्ययनबाट रु.९६९५२१९८।– आयोजना लागत निर्धारण भएकोमा यसवर्ष रु.५८७१८१३०।– बजेट विनियोजन भई कार्यान्वियनमा आएको देखियो। यसरी डिपिआर तयार गर्दा सोको आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। गत विगत वर्षमा तयार गरेका सम्भाव्यता अध्ययन/ डि.पि.आर खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वियनमा गरेको विषयमा अभिलेख राखेको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

३२.५ जिन्सी दाखिला नभएको

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **३४९,८४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३२.६ **परामर्श सेवा खरिद** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको परामर्श सेवा सोझै खरिद गरी लागत अनुमान बराबर नै सम्झौता गरी रु.२९५०८४८।- भुक्तानी गरेको छ।यसरी परामर्श सेवा खरिद गर्दा सोको आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन।

| **भौ.नं. र मिति** | **परामर्श सेवा** | **परामर्श दाता** | **सम्झौतारकम** |
|---|---|---|---|
| १२३।२०८१।११।१५ | दुधकोशी सुनकोशी नदीको वातावरणीय प्रभाव मूल्यांँकन | अन्नपूर्ण कुन्ज इन्जिनियरिङ | १४७१००० |
| | सडक गुरुयोजना | एडिसी इन्जिनियरिङ सर्भिस प्रा.ली. | १४७९८४८ |
| **जम्मा** | | | **२९५०८४८** |

(क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको छ । नर्मस निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्दछ।

३२.७

**कन्टिन्जेन्सी खर्च** - निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष ४ प्रतिशतसम्म कन्टिन्जेन्सी कट्टी रु.१२८४०००।- गरी एकमुष्ट रुपमा भ्रमण, मसलन्द, सुचना प्रकाशन लगायतमा खर्च लेखेको छ । तर कन्टेन्जेन्सी खर्चको छुटै अभिलेख तयार गरेको छैन । कन्टिन्जेन्सी खर्चको अभिलेख छुट्टै र व्यवस्थित रुपमा राख्नुपर्दछ । साथै पालिकाले कन्टेन्जेन्सी रकमबाट भ्रमण, मसलन्द, सुचना प्रकाशन लगायतका चालु खर्च शिर्षकहरु समेतलाई पूँजिगत बजेट शिर्षकतर्फ समावेश गरी खर्च लेखेकोले सार्वजनिक खरिदमा कन्टेन्जेन्सी रकमको खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम कन्टेन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गरिनुपर्दछ ।

३२.८ **फर्निचर खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति,फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले फर्निचरमा पटक पटक सोझै खरिद गरी रु.१५४६५९०।- खर्च गरेको छ। सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ।

| गो.भौ.नं. र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १३२ २०८१।११।२२ | आचार्य ट्रेड एण्ड सप्लायर्स | २६४००० | कार्यालय प्रयोजन |
| ३७० २०८२।०३।१२ | पन्जि सप्लायर्स | २९६१०० | वडा न ४ को नया भवन |
| ४७ २०८१।०७।२२ | एच एम इन्टरप्राईजेज | ९८६४९० | तालिम हल वडा न ७ |
| **जम्मा** | | **१५४६५९०** | |

३२.९ **कार्यालय सामाग्री खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति,फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले देहाय बमोजिमको कार्यालय सामाग्रीमा पटक पटक सोझै खरिद गरी रु.१४७६८७०।- खर्च गरेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ।

| गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ४१०।२०८१।११।२२ | अल इन वान विजनेस | ११७५३८ |
| ४७३।२०८१।१२।११ | एन आर श्री सप्लायर्स | २२२७२३ |
| ७४१।२०८२।०३।१२ | वशाह सप्लायर्स | ६५८७७३ |
| ७९७।२०८२।०३।१९ | तृष्णा सप्लायर्स | २७५८८९ |
| ७२।२०८१।०६।१९ | आचार्य फोटोकपि एण्ड सप्लायर्स | २०१९४७ |
| **जम्मा** | | **१४७६८७०** |

३२.१०

**पाइप खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति,फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले देहाय बमोजिमको पाइप पटक पटक सोझै खरिद गरी रु.१४४१९६८।- खर्च गरेको छ। सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ।

| **गो.भौ.नं. र मिति** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| ३२०/ २०८२।०१।०९ | मिसन सप्लायर्स | ४९२४५४ | वितरण भई प्रयोग भइरहेको |
| ४५९/ २०८२।०३।२३ | ग्लोबल एग्रो मार्ट | ५००००० | दाम्लि ओफलाङ जावानामेलाखा खानेपानी योजना |
| ११६/ २०८१।११।०८ | न्यु विराट एग्रो मार्ट | ३९९७८२ | हलेसी खानेपानी |
| ३७२/ २०८२।०३।१३ | समृदि ट्रेडर्स | ४९७३२ | गुयल मुहान धुसेनि खानेपानी |
| **जम्मा** | | **१४४१९६८** | |

३२.११ सवारी साधन खरिद – लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले आन्तरिक स्रोतबाट २ थान दुई पांङ्ग्रे सवारि साधन खरिदमा रु.८३७०००।- खर्च गरेको छ । पालिकामा २३ थान २ पाङ्ग्रे र २ थान ४ पाङ्ग्रे सवारी साधन भएको अवस्थामा आवश्यकता विश्लेषण गरेर खरिद गर्नुपर्दछ।

३३ **कर्कट पाता खरिद** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक -पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति,फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले विभिन्न फुसको छाना हटाउने कार्यको लागि कर्कट पाता सुवेदी कन्स्ट्रक्सनवाट सोझै खरिद गरी रु.१२,४८,७८५/- (अग्रिम कर कट्टी पछि खुद भुक्तानी) खर्च गरेको छ । सार्वजनिक खरिद ऐन, नियमावली विपरित एउटै फर्मवाट रु. १० लाख भन्दा बढीको खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| गौश्वरा भौचर नं. | मिति | रकम | कैफियत |
|---|---|---|---|
| ३४ | २०८१।६।२० | ५९९९५९/- | वडा नं. ७ |
| ५२ | २०८१।७।१३ | ६४८८२६/- | वडा नं. २ |
| जम्मा | | १२,४८,७८५/ - | |

| | |
|---|---|
| अनियमित भएको | १२,४८,७८५ |

३४ **सोझै खरिद** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ अनुसार रु.१० लाखसम्मलागत अनुमान भएको निर्माण कार्य तथा मालसामान खरिद कार्य सोझै गर्न सकिने, नियम ८४ अनुसार रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र नियम ३१ अनुसार २० लाखभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै नियम ८५(१ख) अनुसार सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यो

वर्ष एकै प्रकृतीको रंगिन २६ गेज जस्तापाता पटक पटकमा सोझै खरिद गरी रु.१७,६६,६४०।- खर्च लेखेको देखियो । नियमावली विपरित प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| क्र.सं. | गो.भौ. नं.र मिति | आपूर्तिकर्ता | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ३४/२०८१।६।२० | सुदेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | रंगिन २६ गेज जस्तापाता | ५९९९५८ |
| २ | ५२/२०८१।७।१३ | सुदेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | रंगिन २६ गेज जस्तापाता | ६४८८२६ |
| ३ | १८७/२०८१।१२।१९ | गुप्तेश्वर कलेक्सन | रंगिन २६ गेज जस्तापाता | ५१७८५६ |
| जम्मा | | | | १७६६६४० |

३५ **उपकरण खरिद -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेसिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने तथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार रु. ८,९१,५००/- का माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार नगरेको र सम्बन्धित विषय विज्ञबाट निरीक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषज्ञता निहित भए नभएको यकिन गर्न सकिएन। मेसिनरी उपकरण खरिद गर्दा नियमावलीमा तोकिएको प्रावधानको परिपालना गरिनुपर्दछ ।

| क स | भौ.नं./मिति | आपूर्तिकर्ताको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | ४८२/२०८२।३।२४ | मनकामना इन्टर प्राइजेज सप्लार्यस | वाटरपम्प सेट | ५८००००/- |
| २ | ९०/२०८१।१०।१० | सेक्यूर नाइट आ टि सोलुशन प्रा.लि. | साउण्ड सिष्टम | ३११५००/- |
| जम्मा | | | | ८,९१,५००/- |

३६ **खरिद गरी मौज्दात -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष गणपति मेशिनरीबाट उखुपेल्ने मेशिन १ सेट रु.२८०२५०/- खरिद गरेकोमा पालिकामा नै मौज्दात रहेको छ । उक्त सामानको मागको विवरण, लागत अनुमान, जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच समेतको प्रमाण पेश हुनु पर्ने रु.

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **६७७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४९,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **५८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८०,२५० |

३७ **आन्तरिक आय -**

३७.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा

आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१४०५९३००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.९१९५५५७।- अर्थात अनुमान भन्दा ६५.४० प्रतिशत घढी प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३७.२ **राजश्व असूली** - पालिकाको पछिल्लो तीन आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः

| २०७९।८० को असुली | २०८०।८१ को असूली | २०८१।८२ को असूली |
|---|---|---|
| १०१०७८०१ | ११५०२८३७ | ९१९५५७ |

पालिकाको आ.व. २०७९।८० को तुलनामा २०८०।८१ मा १३ प्रतिशत बढी र २०८०।८१ को तुलनामा २०८१।८२ मा २० प्रतिशतले घटी राजश्व असुल गरेको देखिन्छ। पालिकाले आय वृद्धिका लागि करको दायरा बढाउँदै आन्तरिक आय वृद्धिका लागि निरन्तर अनुगमन तथा मूल्याँकन गरी दायार वृद्धि गर्नुपर्दछ।

३७.३

**आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३२५९८५२६८ | ९१९५५५७ | २.८२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.८२ प्रतिशत मात्र रहेको छ । पालिकाले आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३७.४ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ती कर र वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत | गत वर्षको असूली |
|---|---|---|---|---|
| सम्पत्ती कर | ० | ० | ० | ० |
| वहाल कर | ३३०००० | ९९७१४० | ३०२.१६ | ४३०२९३ |
| व्यवसाय कर | ३३०००० | २२०९५० | ६६.९५ | ० |
| अन्य क्षेत्रको आय | ५५००० | ० | ० | ११४४४० |
| बहाल बिटौरी कर | १०७६०० | २०६०० | २.०४ | ० |

पालिकाको वित्तीय प्रतिवेदन अनुसार यस वर्ष पालिकाले करदाताबाट रु.२२०९५०।– व्यवसाय कर संकलन गरेता पनि पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिने गरेको छ ।पालिकाले गत वर्षको असूलीको तुलनामा यस वर्ष बहाल कर बढेको तथा सम्पत्ती करमा गत वर्ष र यस वर्ष कुनै राजस्व प्राप्त भएको देखिएन । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३७.५ **असुली गर्न बाँकी आन्तरिक आय** –

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३७.६ **नगदी रसिदको प्रयोग** – पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले ठेक्कापट्टा बाहेकका अन्य आम्दानी गर्दा आर्थिक वर्षमा नगदी रसिद प्रयोग गरी रु.४३१५३५७।- आम्दानी गरेको देखियो। सो प्रयोजनका लागि यो वर्ष कुल १०१ पायड (ठेली) नगदी रसिदबाट आम्दानी गरेकोमा सोबाट पालिका कार्यालय र वडा कार्यालयबाट राजश्व आम्दानी गर्ने प्रयोजनका लागि निकासा तथा प्राप्ति गरेको देखियो। निकासी गरिएका पायड (ठेली) बाट अशुल गरेको राजश्व जोडजम्मा गरी यथार्थरुपमा सबै पायड (ठेली) बाट अशुल गरेको राजश्व दाखिला रसिद बुझिलिनेले दाखिला गरि दिएको रकमलाई नै यथार्थ अशुली मानेको छ । सोका अतिरिक्त पालिकाले प्राप्त हुनुपर्ने र प्राप्त राजश्व सम्बन्धमा परीक्षण भिडान गरेको देखिएन। नगदी रसिदबाट प्राप्त भएको आम्दानी राजश्व दाखिला भएको सुनिश्चित हुनुपर्दछ।

३७.७ **अमानतबाट आय-** पालिकाको आर्थिक ऐन, २०८१ मा पालिकाले स्थानीय कर तथा शुल्क संकलन गर्ने व्यवस्था छ। सोही व्यवस्था बमोजिम पालिकाले आइ.इ.इ प्रतिवेदनमा दुधको नदिको वडा नं १,४,६, ९ उत्खनन क्षेत्रबाट दैनिक २५० घ.मी. र वार्षिक संकलन गर्न सकिने ६३४९.७६ घ.मी. परिमाण र सुनकोसी नदीको वडा नं ११ को उत्खनन क्षेत्रबाट वार्षिक १९०१२.२० घ.मी ढुङ्गा गिट्टी बालुवा उत्खनन तथा संकलन गर्न सकिने प्रस्ताव स्वीकृत गरेको देखिन्छ। पालिकाले दहत्तर बहत्तर बाट संकलन गर्ने आयमा ठेक्का आब्हान नगरी यसवर्ष अमानतबाट रु.६४१२२९।– राजश्व संकलन गरेको छ। सो राजश्व ५ वडा कार्यालयहरु र पालिका कार्यालयबाट १९ थान नगदी रसिद प्रयोग गरी राजश्व संकलन गरेकोमा पालिकाबाट अमानतबाट कर सर संकलन गर्ने निर्णय, क्षेत्र तथा अवधि तोकेको छैन।

आइइइ प्रतिवेदन अनुसार दुइ क्षैत्रको ८२५०६.९६ घ.मी. अर्थात २९१३३२० क्यु.फि. उत्खनन गर्न सकिने वार्षिक प्रस्ताव रहेकोमा कोशी प्रदेश आर्थि ऐन २०८१ अनुसार प्रति क्यु फट रु.७ ले कुल रु.२०३९३२४५।– राजश्व प्रक्षेपण देखिएकोमा पालिकाले अमानतबाट रु.६४१२२९।– मात्र कर संकलन गरेको छ। अमानतबाट कर संकलन नदिजन्य पदार्थ उत्खननको अनुगमन गरी परिमाण सुनिश्चित गर्नुपर्दछ।

३७.८ **निकासी कर** - पालिकाको आर्थिक ऐन, २०८० को दफा १६ मा नगरपालिका क्षेत्रभित्रको कृषिजन्य, पशुजन्य, प्राकृतिक स्रोत, वस्तु तथा सेवा विक्रि तथा निकासी अनुसूची १४ (क,ख) सेवा बमोजिम शुल्क लगाइने र असुल उपर ग्रे उल्लेख छ। पालिबाट अनुसूची १४(क) बमोजिम कृषिजन्य तथा पशुजन्य निकासीबाट रु.९२५७५८।– राजश्व संकलन गरेको र अनुसूची १४(ख) बमोजिम प्राकृतिक स्रोत वस्तु तथा सेवा विक्रिबाट निकासी कर संकलन गरेको देखिएन। यस सम्बन्धमा पालिकाबाट अनुगमन गरी यकीन गरिनुपर्दछ।

३७.९ **कम्प्युटर लेखा प्रणाली** - पालिकाले राजश्वलाई नियमित र व्यवस्थित गर्न Pro Active Server (कर संकलनको राजश्व प्रणाली) सफ्टवेयर प्रयोग गरेको देखियो। पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी रू.४९४५५६०।- आन्तरिक आय रहेको विवरणबाट देखिएको छ। प्राविधिक विषयको कारण आम्दानीको सफ्टवेयर सिस्टमको परिक्षण गर्न सकिएन।सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको भएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परिक्षणको सीमा भन्दा बाहिर रहेको छ।उक्त सफ्टवेयर राज्यको कानून अनुरुप

र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोबारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष IT Audit गराउनु पर्ने देखिन्छ।उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोबारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।

३७.१० **नवीकरण शुल्क-** पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। पालिकामा इजाजतपत्र लिएका १० निर्माण व्यवसायिहरुको नविकरण गरेको अभिलेख राखेको छैन। पालिकाको आर्थिक ऐन, २०८० मा नविकरण शुल्क रु.३००० तोकिएकोमा ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीको अभिलेख राखि नविकरण दस्तुर समेत असूल गर्नुपर्दछ ।

३७.११ **सामुदायिक वनको आय** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत ७२ वटा सामुदायिक वन दर्ता रहेकोमा राजश्व प्राप्त गरेको छैन। वन पैदावारको विक्री वापतको प्राप्त हुने रकम वन कार्यालयसँगसमन्वय गरी असूल गर्नु पर्दछ ।

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रम** -

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा १२ योजना सञ्चालन गरी यस वर्ष ८७ जनालाई औसत ९४.५० दिनले ८२२१.५ दिन रोजगारी उपलव्ध गराई रु.५१४८५६१।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३९ **औषधि खरिद कार्यक्रम** -

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले विविधबाट औषधिमा २ वटा फर्मलाई रु.१९८१११३।- भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

क. औषधी खरिद स्थिति- पालिकाबाट खरिद गरेको औषधीको विवरण देहायबमोजिम रहेको छ।

| गो.भो.नं. र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ३६१ २०८२।०३।१० | नयन मेडिको फर्मा | ४९९८५२ | |
| ससर्त ५० २०८१।०७।२९ | पाथिभरा मेडिसियन सप्लायर्स | १४८१२६० | |
| **जम्मा** | | **१९८१११३** | |

ख. देहायका ५ प्रकारका औषधीको परीक्षण गर्दा निम्न बमोजिमको म्याद रहेको देखियो ।

| सि. नं. | औषधीको नाम | म्याद समाप्त हुने मिति | नि:शूल्क वितरणको लोगो |
|---|---|---|---|
| १ | Amoxicillin 500 Mg | November, 2026 | नभएको |
| २ | Albendazole 400 Mg | May, 2027 | INS Supply |
| ३ | Calcium 500 Mg | July, 2027 | Not for Sale |
| ४ | Ranitidine 150 Mg | May,2027 | Not for Sasle |
| ५ | Paracetamol 500 Mg | May, 2027 | Not for Sale |

ग. **औषधीको अभिलेख** - स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२,चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना आषाढतिर म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अधावधिक गरेको देखिएन । तसर्थ पालिकाले यस प्रणालीको सिर्जना गरी औषधी तथा औषधीजन्य सामाग्रीहरु अभिलेख अध्यावधिक राख्नुपर्छ ।

४० **न्यानो झोला कार्यक्रम** -

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ११ बर्थिङ सेन्टरमा गत वर्ष ३५५ थान मौज्दात रहेकोमा यसवर्ष खरिद गरेको छैन। गत वर्ष १६९ जना र यस वर्ष १६६ जना र गरी ३३५ प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ९० थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

४१ **स्यानिटरी प्याड** -

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १४३९ जना रहेका छन। पालिकाले मेडिसर्ज ट्रेडर्स विराटनगरबाट ८६३४ थान स्यानिटरी प्याड रु.७३३८७७।- (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि २४४ मौज्दातमा

राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको देखिएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

४२ **करुणा फाउण्डेशन** -

अपाङ्गता रोकथाम तथा पुन: स्थापना कार्यक्रम संचालनका लागी नगरपालिका र करुणा फाउण्डेशन नेपाल बीच मिति २०८०।९।१६ मा सम्झौता भई मिति २०८०।१०।१ देखि २०८३ पौस मसान्तसम्म ३ वर्षको अवधि तोकी लागत साझेदारी कार्यक्रमको सम्झौता भएको देखियो।सम्झौता बमोजिम पहिलो दुइ वर्षमा पालिका, मन्त्रालय र साझैदार संस्थाले एक/ एक तिहाई लागत साझेदारी र तेस्रो वर्ष पालिकाले मन्त्रालयसँग मात्र लागत साझेदारी गर्ने र साझेदार संस्थाले प्राविधिक सहयोग उपलब्ध गराउने उल्लेख भएबमोजिम यसवर्ष लागत साझेदारी एक/एक तिहाई गरी कुल बजेट रु.५७०४०००।– को स्वीकृत कार्यक्रम रहेकोमा विभिन्न ३२ स्वीकृत कार्यक्रममा एक तिहाइ लागत साझेदारी रु.१५४२९३६।– का दरले रु.४६२८८०९।– खर्च भएको देखिन्छ।

कार्यक्रममा तोकिएका सिप विकास, क्षमता विकास, शिक्षा अभिमुखिकरण, स्वास्थ्य उपचार सहयोग लगाएतका ३२ कार्यक्रम स्वीकृत भएकोमा अपाङ्गता भएका व्यक्तिको पहुँच, प्रोफाइ तथा पुन: स्थापना सम्बन्धमा योजना तयारी समेतका रु.१४६५५०।– का ४ कार्यक्रम कार्यान्वयन भएको देखिएन। सम्झौताको परिपालना गरी कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा मूल्याँकन र उपलब्धि समेत मापन गरी उदेश्य प्राप्ति गर्नु पर्दछ।

४३ **अन्य कार्यक्रम खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका कार्यक्रममा रु.११६२३६८।- भुक्तानी दिएको छ। कार्यविधि तथा मापदण्ड वेगर कार्यक्षेत्रभन्दा बाहिर बजेट कार्यक्रम खर्च नियमसम्मत नदेखिएको रु.

| क्र.स. | गो.भौ. नं.र मिति | कार्यक्रम | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ४०३।२०८२।३।१९ | भवन निर्माण | रेडक्रस भवन दिक्तेल | ३९६३९८ |
| २ | ३११।२०८२।१।१० | भवन निर्माण | नेपाल वार एसोसियसन दिक्तेल | ३००००० |
| ३ | ४३२।२०८२।३।२२ | भवन निर्माण | वि.पि.स्मृति दिक्तेल | ४६५९७० |
| **जम्मा** | | | | **११६२३६८** |

| | |
|---|---|
| अनियमित भएको | ११,६२,३६८ |

४४ **सुरक्षित आप्रवासन (सामी) कार्यक्रम** -

२६२।२०८२-२-१९ र १२४।२०८१-११-१९ संघीय सरकार हस्तान्तरित कार्यक्रम अन्तर्गत सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको लागी रु.९६१०००।– बजेट विनियोजन भई रु.५६४०००।– खर्च भएको छ। उक्त कार्यक्रम वित्तीय साक्षरतामा पालिकाका ९ वडाहरुमा संचालन गरी ४२७ जना सहभागी भई रु.१५९८८०।– खर्च भएको छ भने वैदेशिक रोजगारी सम्बन्धी सुरक्षित वैदेशिक अभिमुखिकरण कार्यक्रममा ११ वडाका ४८ स्थानमा कार्यक्रम संचालन भई १३२१ जना सहभागी भइ रु.१४४०००।– खर्च भएको देखियो। कार्यक्रमको पारदर्शिता र गुणस्तर सुनिश्चित गरी कार्यक्रमबाट लाभान्वित वर्गको अभिलेखिकरण गरी सार्वजनिकीकरण समेत गर्नुपर्दछ।

४५ **अग्रिम करः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **७,९४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **२,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **२,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **१,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **१,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **कार्यक्रम छनौट तथा कार्यान्वयनः**

४६.१ **छनौट तथा वितरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको हिलटैंक तथा पाइप खरिद गरी रु.२,४८,४१८.०० भुक्तानी दिएको छ । पालिकाले खरिद गरेको कृषि उपयोगी सामाग्रिहरुको वितरणमा लाभग्राहीको निवदेन संकलन, छनौट तथा सिफारिस नगरी कृषकलाई वितरण गरेको देखिन्छ । आवश्यकताको आधारमा छनौट नगरी सिधै वितरण गरेको रु. २,४८,४१८.०० गरिनु नियमसम्मत नदेखिएको रु.

| क्र.स. | गो.भौ. नं.र मिति | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ८६३-०८२।३।२३ | ४५ थान हिलटैंक खरिद | १४८५८३ |
| २ | ८८४-०८२।३।२४ | १२५० मिटर पाइप खरिद | ९९८३५ |
| | | जम्मा | २४८४१८ |

| | |
|---|---|
| अनियमित भएको | २,४८,४१८ |

४६.२ **फरक खर्च शिर्षकः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावलीको नियम ३९ अनुसार सरकारी रकमको खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही गर्नुपर्ने र नियम ४१(क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ ले वर्गीकरण गरेको खर्च संकेत अनुसारको खर्च संकेतमा खर्च गर्नुपर्नेमा तोकिएको शिर्षक भन्दा फरक खर्च संकेतबाट रु.१०,०३,६५०.०० खर्च गरिएको छ । तोकिएको खर्च संकेत भन्दा फरक संकेतबाट गरिएको खर्च नियमसम्मत नदेखिएको रु.

| सि.नं. | गो.भौ. नं. र मिति | खर्च विवरण | हुनुपर्ने शिर्षक | खर्च भएको शिर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | ६९४-०८२।३।१ | ल्यापटप खरिद | मेशिनरी तथा औजार (३११२२) | मेशिनरी औजार मर्मत (२२२२१) | २८९८४५ |
| २ | ६९१-०८२।३।१ | गाडी मर्मत कार्य | सवारी साधन संचालन तथा मर्मत (२२२१०) | मेशिनरी औजार मर्मत (२२२२१) | २४९९५६ |
| ३ | ६१२-०८२।२।२ | फिङ्गर प्रिन्ट खरिद | मेशिनरी तथा औजार (३११२२) | मेशिनरी औजार मर्मत (२२२२१) | २१४६१४ |
| ४ | ७८८-०८२।३।१८ | ल्यापटप डेस्कटप खरिद | मेशिनरी तथा औजार (३११२२) | मेशिनरी औजार मर्मत (२२२२१) | १८७०१५ |
| ५ | ८९८-०८२।३।२५ | खादा,स्पाइरल कपि, रजिष्टर, प्रिन्टर मसि | मसलन्द तथा कार्यालय सामाग्री (२२३११) | मेशिनरी औजार मर्मत (२२२२१) | ६२२२० |
| | | | | जम्मा | १००३६५० |

| अनियमित भएको | १०,०३,६५० |
|---|---|

४६.३ (८७९-2082-03-24):

**आधारशिला कार्यक्रम**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित कार्यसंचालन निर्देशिका २०८१ को अनुसूची ११ (१९.४) मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्तिको कार्यपत्र-१०००, कक्षा संचालन-६००, प्रतिवेदन-३०००, खाजा खानामा प्रतिव्यक्ति रु.३००, संयोजक भत्ता रु.४०० दर तोकिएको छ। आधारशिला कार्यक्रम-२०८१ को लागी रु.२,०७,०००.०० नेपाल बचत तथा ऋण सहकारी संघ लि.लाई भुक्तानी गरिएको छ । उक्त कार्यक्रम संचालनको लागि लागत अनुमान तयार नगरी, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको सिधै सम्झौता गरि भुक्तानी गरिएको छ ।उक्त कार्यक्रम संचालन अवधि, उपस्थिति, प्रशिक्षण, अनुगमन सुपरीवेक्षण भएको खुल्ने प्रमाण कागजातहरु समावेश भएको देखिएन । कार्यसंचालन निर्देशिका २०८१ ले तोकेको मापदण्डमा आधारित रहेर नियमानुसार लागत अनुमान तयार नगरी सिधै प्रस्ताव माग गरी तालिम संचालन गरेको छ । मापदण्डमा तोकिएको आधार वेगरको खर्च नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | २,०७,००० |
|---|---|

४६.४ **सहायता रकमको बिलभरपाईः** पालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि २०८० को दफा ७ अनुसार यस नगरपालिकबाट जुन प्रयोजनका लागि जे जति रकम आर्थिक सहायताको रुपमा प्राप्त गरेको हो सोही प्रयोजनका लागि सो रकम खर्च गरेको हुनुपर्ने र सोको आधिकारिक प्रमाण कागजात नगरपालिकाको लेखाशाखामा पेश हुनुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले आर्थिक सहायतामा रु.२,५५,०००.०० खर्च भएकोमा तपसिलको सहायता भुक्तानीमा बिल भरपाई प्रमाण पेश भएको छैन । यसरी कार्यविधिमा उल्लेख भए अनुसार आधिकारिक प्रमाण कागजात वेगरको भुक्तानी नियमसम्मत नदेखिएको रु.

| सि.नं. | गो.भौ. नं. र मिति | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १ | २८७-०८१।९।२९ | साइनो कला केन्द्र | १००००० |
| २ | २७९-०८१।९।२५ | बाम्बुले राई समाज | १००००० |
| ३ | ५७३-०८२।१।२१ | कमलावन | ३०००० |
| ४ | ६८२-०८२।२।२८ | पूर्वाञ्चल गन्धर्व सास्कृतिक उत्थान समाज | २५००० |
| | | जम्मा | २५५००० |

| | |
|---|---|
| अनियमित भएको | २,५५,००० |

४७ **जिन्सी मालसामान दाखिला र प्रयोग**

४७.१ **जिन्सी मौज्दात स्थिती** - आम्दानी भएको जिन्सी मालसामान माग फाराम, हस्तान्तरण फारामको आधारमा खर्च जनाई बाँकी मालसामान जिम्मेवारी सार्नुपर्दछ । परीक्षणमा आर्थिक वर्ष २०८०।८१ खर्च भएर जाने मालसामानहरुमा खर्च हुन नसकि बाँकी रहेको मौज्दातहरु २०८१।८२ मा सारिएको छैन । गतवर्ष खर्च भएर जाने मालसामानको मौज्दात स्थिती USER र PASSWORD उपलव्ध नभएको कारणले परीक्षण गर्न सकिएन । तसर्थ खर्च भएर जाने मालसामानहरुमा मौज्दातहरु हराउन सक्ने जोखिम देखिएको छ । गतवर्ष खर्च भएर जाने मालसामान बाकी भएमा उक्त मालसामानको जिम्मेवारी सारी जिन्सी अद्यावधिक गरिनुपर्दछ ।

४७.२ **वडागत जिन्सी दाखिला**- आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमावली २०७७ को नियम ९४ (४) अनुसार कुनै कर्मचारीको जिम्मा रहेको सरकारी सम्पत्ती हिनामिना नहुने गरी लगत श्रेस्तासहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ती जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ मा वडा कार्यालय प्रयोजनको लागी वडा कार्यालयले नै खरिद गरिएका रु.१६,४८,०५५.०० को मसलन्द सामाग्रिहरु पालिकाको जिन्सि खाता (PAMSv२) मा दाखिला नगरी वडाले म्यानुअल दाखिला गरि खर्च जनाएको देखिन्छ । आर्थिक वर्ष २०८१।८२ देखि लागु भएको जिन्सी अभिलेख PAMSv२ मा दाखिला गरेर मात्र खर्च जनाउनुपर्दछ ।

| वडा | कार्यालय संचालन खर्च |
|---|---|
| १ | १५०००० |
| २ | १४९९६५ |
| ३ | १५०००० |
| ४ | १५०००० |
| ५ | १५०००० |
| ६ | १५०००० |
| ७ | १५०००० |
| ८ | १४८०९० |
| ९ | १५०००० |
| १० | १५०००० |
| ११ | १५०००० |
| जम्मा | १६४८०५५ |

४७.३ **पानी दाखिला-** आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमावली २०७७ को नियम ९५ (१) अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै पनि प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी कितावमा आम्दानी बाधी लगत अद्यावधिक गर्नु गराउनुपर्ने उल्लेख छ । खोटाङ्ग अक्वा मिनरल वाटर उद्योगबाट निम्नानुसार खरिद गरेको ६१७ कार्टुन पानी दाखिला नगरी मुल्य रु.१३०९०० को खर्च गरेको छ । पालिकामा खरिद गरी प्राप्त भएको पानी दाखिला नगरी खर्च गर्दा प्रयोगमा अत्यधिक भई खर्च बढन जाने देखिन्छ । कुनै किसिमबाट प्राप्त हुन आएको मालसामान PAMSV2 मा दाखिला तथा माग फाराम र निकासीको आधारमा खर्च जनाई जिन्सीमा अभिलेख गर्नुपर्दछ ।

| सि.नं. | गो.भौ. नं. र मिति | परीमाण | रकम |
|---|---|---|---|
| १ | ३१-०८१।६।१८ | ५१७ कार्टुन | १०३४०० |
| २ | १९८-०८१।७।३० | ५० कार्टुन | १०००० |
| ३ | ६८८-०८२।२।३० | ५० कार्टुन | १७५०० |
| | | जम्मा | १३०९०० |

४८ **शिक्षा तर्फः**

४८.१ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ८८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र सं. | वडा | विद्यालय | सञ्चालितकक्षा | जम्मा दरबन्दी | पदपुर्ती मध्येकरार | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | १ | दुधकोशीआधारभूत विद्यालय | १-८ | ७ | | ९५ | १४ |
| २ | १ | बेलडाँडाआधारभूत विद्यालय | १-५ | २ | १ | ३६ | १८ |
| ३ | १ | जन चेतनाआधारभूत विद्यालय | १-५ | २ | | २६ | १३ |
| ४ | १ | कालिकाआधारभूत विद्यालय | १-५ | ३ | | ३५ | १२ |
| ५ | १ | कालिकामाध्यमिक विद्यालय | १-१० | १० | | १७३ | १७ |
| ६ | १ | किरन्तेश्वरआधारभूत विद्यालय | १-५ | २ | | १४ | ७ |
| ७ | १ | मालिकादेवी माध्यमिक विद्यालय | १-१२ | १२ | | १५१ | १३ |
| ८ | १ | पञ्चवतीदेवीआधारभूत विद्यालय | १-५ | ४ | | ६१ | १५ |
| ९ | २ | बाल कन्याआधारभूत विद्यालय | १-४ | २ | | ४२ | २१ |
| १० | २ | बरगाछीआधारभूत विद्यालय | १-५ | २ | | १५ | ८ |
| ११ | २ | दाम्लीमाध्यमिक विद्यालय | १-१० | १० | | १८० | १८ |
| १२ | २ | डिकुवाआधारभूत विद्यालय | १-८ | ५ | १ | ६९ | १४ |
| १३ | २ | जन कल्याणआधारभूत विद्यालय | १-३ | १ | | १४ | १४ |
| १४ | २ | कालिकाआधारभूत विद्यालय | १-८ | ६ | | ९० | १५ |
| १५ | २ | पञ्चावती आधारभूत विद्यालय | १-५ | २ | १ | ३६ | १८ |
| १६ | २ | सुनकोशीआधारभूत विद्यालय | १-५ | ३ | | ४६ | १५ |
| १७ | ३ | बलिदानआधारभूत विद्यालय | ०-१ | १ | | १० | १० |
| १८ | ३ | बाल विकासआधारभूत विद्यालय | १-५ | १ | | २३ | २३ |
| १९ | ३ | चोमोलङ्माआधारभूत विद्यालय | १-५ | २ | | ३० | १५ |
| २० | ३ | च्यास्मिटारमाध्यमिक विद्यालय | १-१२ | १७ | १ | ४३३ | २५ |
| २१ | ३ | देउरालीआधारभूत विद्यालय | १-५ | ३ | | ५५ | १८ |
| २२ | ३ | कलङ्काआधारभूत विद्यालय | १-५ | ३ | | ३२ | ११ |
| २३ | ३ | लक्ष्मीआधारभूत स्कुल | १-५ | १ | | १५ | १५ |
| २४ | ३ | नमुनाआधारभूत विद्यालय | १-३ | २ | | १९ | १० |
| २५ | ३ | पिपाल्टरआधारभूत विद्यालय | १-८ | ६ | | ८० | १३ |
| २६ | ३ | त्रि कन्याआधारभूत विद्यालय | १-५ | ३ | | ५६ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७ | ४ | बोझोओडारआधारभूत विद्यालय | १-५ | ३ | | ३१ | १० |
| २८ | ४ | दुधकोशीआधारभूत विद्यालय | १-५ | २ | | २२ | ११ |
| २९ | ४ | कालिकाआधारभूत विद्यालय | १-५ | २ | | १८ | ९ |
| ३० | ४ | कालिकादेवीस्थान आधारभूत विद्यालय | १-५ | २ | | १३ | ७ |
| ३१ | ४ | लक्ष्मीमाध्यमिक विद्यालय | १-१२ | १४ | | १४८ | ११ |
| ३२ | ४ | शान्तिआधारभूत विद्यालय | १-८ | ७ | | ७९ | ११ |
| ३३ | ४ | श्रीबुङडेल आधारभूत विद्यालय | १-५ | २ | | ३४ | १७ |
| ३४ | ४ | श्रीखोक्सेली आधारभूत विद्यालय | १-५ | ३ | | १८ | ६ |
| ३५ | ५ | दामोदरमहासिंह आधारभूत स्कुल | १-६ | ३ | | ६४ | २१ |
| ३६ | ५ | दुर्छिममाध्यमिक विद्यालय | १-१२ | १६ | | २०३ | १३ |
| ३७ | ५ | जनाश्रमआधारभूत विद्यालय | १-५ | २ | | २१ | ११ |
| ३८ | ५ | लक्ष्मीआधारभूत विद्यालय | १-८ | ६ | | ६६ | ११ |
| ३९ | ५ | पारूहांगआधारभूत विद्यालय | १-३ | २ | | १० | ५ |
| ४० | ५ | रतमेटआधारभूत विद्यालय | १-७ | ६ | | ६४ | ११ |
| ४१ | ५ | सहकलाआधारभूत विद्यालय | १-५ | १ | | १९ | १९ |
| ४२ | ५ | सरस्वतीआधारभूत विद्यालय | १-३ | ० | | १५ | ० |
| ४३ | ५ | सरस्वतीआधारभूत विद्यालय | १-५ | ३ | | २३ | ८ |
| ४४ | ६ | दिपकजनज्योति आधारभूत विद्यालय | १-८ | ६ | २ | ९४ | १६ |
| ४५ | ६ | जन कल्याणआधारभूत विद्यालय | १-४ | २ | | २८ | १४ |
| ४६ | ६ | जनश्रमआधारभूत विद्यालय | १-५ | ३ | | ४२ | १४ |
| ४७ | ६ | पञ्चवतीआधारभूत विद्यालय | १-५ | ४ | १ | ४६ | १२ |
| ४८ | ६ | पिपलडाँडादेविस्थान माध्यमिक विद्यालय | १-१२ | १४ | १ | २५७ | १८ |
| ४९ | ७ | चम्पावतीआधारभूत विद्यालय | १-३ | २ | | १० | ५ |
| ५० | ७ | जगदम्बाआधारभूत विद्यालय | १-५ | ४ | | ३९ | १० |
| ५१ | ७ | जन ज्योतिआधारभूत विद्यालय | १-५ | ३ | | ९ | ३ |
| ५२ | ७ | कालिकाआधारभूत विद्यालय | १-८ | ७ | १ | ६४ | ९ |
| | | महेन्द्रोदयमाध्यमिक विद्यालय | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५३ | ७ | | १-१२ | १७ | ३ | ३२१ | १९ |
| ५४ | ७ | पञ्च कन्याआधारभूत विद्यालय | १-१२ | ४ | १ | ३८ | १० |
| ५५ | ७ | शिव सिद्धप्राथमिक विद्यालय | ०-३ | १ | | ९ | ९ |
| ५६ | ८ | बुलपन्थेमाध्यमिक विद्यालय | १-१२ | १६ | १ | ३०५ | १९ |
| ५७ | ८ | दलित जनजागरण आधारभूत विद्यालय | १-५ | ५ | | ८२ | १६ |
| ५८ | ८ | जन चेतनाआधारभूत | १-५ | २ | १ | ११ | ६ |
| ५९ | ८ | जना कल्याणआधारभूत विद्यालय | १-५ | ३ | | ३२ | ११ |
| ६० | ८ | पारुहाङसरन बेसिक स्कुल | १-४ | २ | | २० | १० |
| ६१ | ८ | सर्ववतीआधारभूत विद्यालय | १-५ | २ | | ३२ | १६ |
| ६२ | ८ | सूर्यज्योति आधारभूत विद्यालय | १-८ | ६ | | ८४ | १४ |
| ६३ | ९ | बाल कल्याणआधारभूत विद्यालय | १-३ | १ | | ८ | ८ |
| ६४ | ९ | दुध कोशीआधारभूत विद्यालय | १-५ | १ | | ६ | ६ |
| ६५ | ९ | जन चेतनाआधारभूत विद्यालय | १-४ | ३ | | ६ | २ |
| ६६ | ९ | जनसाक्षरता आधारभूत विद्यालय | १-३ | १ | | ११ | ११ |
| ६७ | ९ | जनतामाध्यमिक विद्यालय | १-१२ | १३ | १ | १०१ | ८ |
| ६८ | ९ | महाकालीआधारभूत विद्यालय | १-३ | १ | | १५ | १५ |
| ६९ | ९ | महेन्द्रोदयआधारभूत विद्यालय | १-५ | ३ | | १२ | ४ |
| ७० | ९ | सरस्वतीआधारभूत विद्यालय | १-३ | १ | | १० | १० |
| ७१ | १० | गुप्तेश्वरआधारभूत विद्यालय | १-३ | १ | | ७ | ७ |
| ७२ | १० | हिम गङ्गाआधारभूत विद्यालय | १-५ | ३ | | ३९ | १३ |
| ७३ | १० | जलेश्वरीआधारभूत विद्यालय | १-५ | २ | | ४१ | २१ |
| ७४ | १० | कालिकाआधारभूत विद्यलाय | १-८ | ६ | | १११ | १९ |
| ७५ | १० | पन्चाकन्या आधारभूत विद्यालय | १-५ | ३ | | ८ | ३ |
| ७६ | १० | सरस्वतीमाध्यमिक विद्यालय | १-१२ | १५ | १ | ३१५ | २१ |
| ७७ | ११ | सरस्वतीआधारभूत विद्यालय | १-५ | ३ | | ३६ | १२ |
| ७८ | ११ | भीमकन्या आधारभूत विद्यालय | १-३ | १ | १ | २३ | २३ |
| ७९ | ११ | चम्पावतीप्राथमिक विद्यालय | १-३ | २ | | १० | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८० | ११ | हिमगंगाआधारभूत विद्यालय | १-३ | ६ | | ५९ | १० |
| ८१ | ११ | जालन्धरआधारभूत विद्यालय | १-३ | १ | | ४ | ४ |
| ८२ | ११ | जलपाआधारभूत विद्यालय | १-३ | २ | | १६ | ८ |
| ८३ | ११ | जनभवनआधारभूत विद्यालय | ०-२ | १ | | ३४ | ३४ |
| ८४ | ११ | ज्योतिमाध्यमिक विद्यालय | १-१२ | १५ | | २०८ | १४ |
| ८५ | ११ | कालिकाआधारभूत विद्यालय | १-३ | १ | | २१ | २१ |
| ८६ | ११ | कालिकाआधारभूत विद्यालय | १-३ | २ | | २२ | ११ |
| ८७ | ११ | महंकला आधारभूत विद्यालय | १-८ | ७ | | ४६ | ७ |
| ८८ | ११ | पञ्चकौशिकाआधारभूत विद्यालय | १-८ | ५ | १ | ४५ | ९ |
| | | **जम्मा** | | **३८९** | **१९** | **५४२१** | **१४** |

उल्लेखित ८८ वटा विद्यालयहरु मध्ये २१ विद्यालयहरुमा २० जना विद्यार्थी भन्दा कम रहेको विवरणबाट देखिन्छ। पालिका शिक्षा ऐन, २०७६ बमोजिम शिक्षक तथा विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान गर्नुपर्दछ।

४८.२ **विद्यालयलाई प्रति विद्यार्थी अनुदान-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु.२६१४४८९८।- निकासा गरेको छ । अनुदानको अनुगमन गरेको देखिएन । अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

| विद्यालयको नाम | विद्यार्थीसंख्या | अनुदानकोप्रकार | रकम |
|---|---|---|---|
| विभिन्न८८ वटा विद्यालय | ५४२१ | दिवाखाजा | ६४९०१४५ |
| | | शिक्षण सहयोग अनुदान आ.वि. | ४६७६००० |
| | | शिक्षण सहयोग अनुदान मा.वि. | ३४६८००० |
| | | प्रतिविद्यार्थी लागत अनुदान | १९२७१५० |
| | | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | ५१०२००० |
| | | विपन्न लक्षित छात्रवृत्ती | २१६००० |
| | | गैरआवासीय छा.वि. | ६३१६०० |
| | | पाठ्यपुस्तक | ३२५८००३ |
| | | सा अ के अनुदान | ३७६००० |
| जम्मा | | | २६१४४८९८ |

४८.३ **नि:शुल्क शिक्षा:-**नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक

बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका ८८ विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

४८.४ **बिद्यालयहरुको लेखापरीक्षणः** पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । पालिकाले ८८ विद्यालयहरुका लागि रु.२४३११६०००।- विनियोजन गरि निकासा खर्च गरेको छ। पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गरिनुपर्दछ।

## ४९ नगर तथा सट्टा शिक्षकको तलब भत्ता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका १४ नगर शिक्षक र सुत्केरी सट्टा शिक्षकलाई रु.१९७२५००।- तलब भत्ता भुक्तानी गरेको छ। शिक्षक दरबन्दी अनुसार तलव भुक्तानी भएपछि दरबन्दी बेगर रु.१९ लाख ७२ हजार ५ सय तलब भुक्तानी गरेको अनियमित देखिएको रु.

| सि.न | पद | बिद्यालयको नाम | कर्मचारीकोनाम | रकम | कैफियत | |
|---|---|---|---|---|---|---|
| १ | न.शि. | चोमोलुङ्मा प्रा.वि., ह.तु.न.पा. -३ | श्री सविताअधिकारी | १८५५०० | | |
| २ | न.शि. | देउराली आ.वि., ह.तु.न.पा. -३ | श्री कविताकुमारी घिमिरे | १८५५०० | | |
| ३ | न.शि. | जलेश्वरी आ. वि.ह.तु.न.पा. -१० | श्री उपेन्द्रराई | १८५५०० | | |
| ४ | न.शि. | बालविकासप्रा.वि. | श्री कविता राई | १८१००० | | |
| ५ | न.शि. | श्री सहकलाप्रा.वि. ह.तु.न.पा.५ | श्री दमयानी फाल | १८५५०० | | |
| ६ | न.शि. | बुलापन्थे मा.वि.-८ | श्री रस्मि राई | २०५००० | | |
| ७ | न.शि. | पिपलटार आ.वि.-३ | श्री सुजिना राई | २०५००० | | |
| ८ | न.शि. | बालकन्या प्रा.वि.-२ | श्री एगिना राई | २०५००० | | |
| ९ | न.शि. | डिकुवा आ.वि. | श्री मणि कुमारराई | २०५००० | | |
| १० | न.शि. | सरसता आ वि | श्री संगिताराई | १८५५०० | | |
| ११ | न.शि. | दलित जनजागरण आ.वि. | श्री देविन्द्रसार्की | ११००० | सुत्केरीसट्टा | |
| १२ | न.शि. | पिपलटार आ.वि.-३ | श्री मदन राई | ११००० | सुत्केरीसट्टा | |
| १३ | न.शि. | कालिका आ.वि. - २छोम्पाङ | श्री राहेल राई | ११००० | सुत्केरीसट्टा | |
| १४ | न.शि. | पिपलडाँडा देविस्थानमा.वि. -६ मंगलटार | श्री करिस्माअधिकारी | ११००० | सुत्केरीसट्टा | |
| **जम्मा** | | | | **१९७२५००** | | |

| | |
|---|---|
| अनियमित भएको | १९,७२,५०० |

५० **एकमुष्ठ विनियोजन खर्च (संघीय स्वास्थ्य सशर्त कार्यक्रम)** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ (१) अनुसार सरकारी रकमको खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही गर्नुपर्ने र नियम ४१(क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्वन्धि मार्गदर्शन २०८१।८२ (स्वास्थ्यतर्फ) मा कर्मचारीहरुको तलव, महंगी भत्ता, स्थानिय भत्ता, लगायत अनिवार्य दायित्वमा बाहेक अन्य शिर्षकमा रकम विनियोजन गर्न नपाइने उल्लेख छ । कर्मचारीहरुको तलव, महंगी भत्ता, स्थानिय भत्ता, लगायत अनिवार्य दायित्व शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा पारिश्रमिक कर्मचारीमा एकमुष्ठ राखी रु.५,३४,९४९.०० खर्च लेखेको छ । शिर्षक अनुसार रकम विनियोजन गर्नुपर्नेमा पारीश्रमिक कर्मचारी (२११११) मा एकमुष्ठ राखी कार्यालय सामान, विविधि खर्च लगायतका शीर्षकमा खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,३४,९४९ |

५१ **बढी भूक्तानी** - (४७८-2082-03-24):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१(१) अनुसार जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नुपर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्याई लेखा तयार गरी अद्यावधिक राख्नुपर्ने र नियमावली २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले खानेपानी संरचना निर्माणको लागि टोकेन्द्र राईलाई भुक्तानी गर्दा बिल बिजक वेगर भुक्तानी भएको रु.१९०००।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,००० |

५२ **ठेक्का व्यवस्थापन** -

५२.१ **लागत अनुमान** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.६७ देखि ५०.२० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको देखिन्छ । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी देहाय बमोजिमको योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.स | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमानभ्याट र पिएस बाहेक | सम्झौता रकमभ्याट र पिएस बाहेक | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Construction of Ward Office Building, Ward 11, Rajapani | HTM/Works/NCB-01/2081/82 | Sindhu Kavre Construction And Suppliers | 14,077,942.55 | 8,330,323.00 | 40.83 |
| २ | Procurement and Supply of Gabion Box | HTM/Goods/SQ-02/2081/82 | L.B.M ultipurpose company pvt .ltd | 1,323,546.40 | 1,105,500.00 | 16.47 |
| ३ | Completion of Bulapanthe School Building, Dhitung | HTM/Works/NCB-03/2081/082 | Horosung Construction pvt.ltd. | 4,176,729.20 | 2,578,627.50 | 38.26 |
| ४ | Construction of Three Roomed Four School Building, Ward No. 3,10,11 | HTM/Works/NCB-04/2081/82 | Horosung Construction pvt.ltd. | 14,780,897.43 | 9,133,624.00 | 38.21 |
| ५ | Procurement & Delivery of ICT Devices | HTM/Goods/NCB-5/2081/82 | Paragon IT solution Pvt.Ltd | 1,658,655.00 | 1,647,500.00 | 0.67 |
| ६ | Upgrading Works of Road (Purbadhar Nirman) | HTM/Works/NCB-06/2081/82 | kaushitar nirman sewa | 9,976,060.93 | 5,481,221.00 | 44.96 |
| ७ | Construction works of RCC School Building | HTM/Works/NCB-07/2081/82 | Sudevi Construction And Suppliers Pvt. Ltd | 5,076,728.94 | 3,469,549.66 | 31.66 |
| ८ | Construction and Completion works of Different RCC School Building | HTM/Works/NCB-08/2081/82 | Nefa consultant pvt.Ltd | 12,477,889.19 | 7,803,888.30 | 37.46 |
| ९ | Construction of Ward Office Building, Ward no-09, Salle | HTM/Works/NCB-09/2081/82 | RshreeGroup ConstructionAnd Interior | 13,982,942.40 | 8,927,977.86 | 35.93 |
| १० | Simalchour Bhumju Baghakhor Ratomate Dikuwa Sunkohi Sadak | HTM/Works/NCB-10/2081/82 | K.T.M CONSTRUCTION PVT LTD. | 33.68 | 3,266,134.00 | 33.68 |
| ११ | Upgrading Works of Lakuri Bhanjyang To Chumakhu Bhanjyang Sadak | HTM/Works/NCB-11/2081/82 | J.B.T.M. Builders gokarneshwor - 6, Kathmandu | 3,391,157.60 | 2,006,541.20 | 42.03 |
| १२ | Ranga Kate To Wada Karyalay Sadak Marmat | HTM/Works/NCB-12/2081/82 | Sudemu CONSTRUCTION ,Khotang. | 3,461,144.97 | 2,841,704.30 | 28.89 |
| १३ | Supply And Delivery of G.I. And HDPE Pipes Fittings | HTM/Works/NCB-12/2081/82 | Nepal Plastics (P). Ltd. | 1,905,236.50 | 1,686,050.00 | 32.81 |
| १४ | Construction of ward office Building ward No-04 ,Badahare | HTM/Works/NCB-06/2080/81 | shree Nanuma Construction& Suppliers pvt.Ltd. | 13,843,199.21 | 6,894,011.00 | 50.20 |
| १५ | Construction of Ward Office Building Ward No-06, Mangaltar | HTM/Works/NCB-07/2080/81 | Alika Construction,Siraha | 13,654,020.17 | 7,646,655.50 | 44.00 |
| १६ | Construction of Ward Office Building Ward No-10, Arkhaule | HTM/Works/NCB-09/2080/81 | Acharya Sons Builders /Sapsudobhan JV | 13,654,020.17 | 8,336,409.16 | 38.95 |
| १७ | Road Maintenance From Lokebar To Bakhuwa | HTM/Works/NCB-17/2080/81 | Bashu Construction And Suppliers Fprm | 10,002,479.92 | 5,408,696.76 | 45.93 |

५२.२ निर्माण कार्यमा गुणस्तर व्यवस्थापन – पालिकाले ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा रु.१०९३६२६०८।– को निर्माण कार्य गराउँदा निर्माण सामाग्री परीक्षण गराएको देखिएन । साथै यस

निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको छैन । यसमा सुधार गर्नु पर्दछ ।

५२.३ **अधुरा आयोजना** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहायअनुसार रु.७८६००००।- का ४ योजनाको कार्य सम्पन्न हुन नसकी ५० प्रतिशतसम्म म्याद थप गरेर विनियोजन ऐनमा बजेट व्यवस्था गरी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

**(रु.हजारमा)**

| **क्र.स.** | **योजनाकोनाम** | **निर्माणव्यवसायी** | **संझौता मिति** | **सम्पन्न गर्नुपर्ने मिति** | **योवर्ष सम्मको खर्च** | भौतिकप्रगति% | **दायित्व सरेको रकम** |
|---|---|---|---|---|---|---|---|
| १ | विधालय भवन निर्माण । ३।१०।११ | होरोसुङ निर्माण सेवा प्रा.लि | २०८१। ०९।१९ | २०८२। ०२।३० | १०५६४ | ९७ | २०० |
| २ | विधालय भवन निर्माण ०२।०६।०७ | नेफा कन्सल्टेन्ट प्रालि | २०८१। ११।२२ | २०८२। ०२।३० | ६८२६ | ७० | २१५० |
| ३ | वडा कार्यालय निर्माण ११ राजापानी | सिन्भु काभ्रे निर्माण तथा सप्लायर्स | २०८१। ०८।०४ | २०८२। ०२।३० | ६३१२ | ७४ | ३१९५ |
| ४ | वडा कार्यालय निर्माण ०९ सल्ले | आरश्री ग्रप निर्माण तथा इन्टेरीयर | २०८१। ११।२८ | २०८२। ०३।०६ | ७८६८ | ७९ | २३१५ |
| | जम्मा | | | | | | ७८६० |

५२.४ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही वेहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ पालिकाले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाइ सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

| सि.न. | ठेक्काको विवरण | | सम्झौता मिति | सम्झौता रकम (भ्याट र पिएस बाहेक) रु. | सम्पन्नगर्नुपर्ने मिति | हाल सम्मकोभुक्तानी रु.(भ्याट सहित) | म्याद थप अवधि | शुरु अवधिकोम्याद थप प्रतिशत | कैफिय |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Ward Office Building, Ward 11, Rajapan | HTM/Works/NCB-01/2081/82 | 8/4/2081 | 8,330,323.00 | 2082/02/30 | 8,827,841.82 | 4/15/2082 | 28.57 | |
| 2 | Procurement and Supply of Gabion Box | HTM/Goods/SQ-02/2081/82 | 2081/08/02 | 1,105,500.00 | 8/28/2081 | 1,249,215.00 | | | |
| 3 | Completion of Bulapanthe School Building, Dhitung | HTM/Works/NCB-03/2081/082 | 9/19/2081 | 2,578,627.50 | 2082/02/30 | 3,151,337.17 | 3/20/2082 | 20.00 | |
| 4 | Construction of Three Roomed Four School Building, Ward No. 3,10,11 | HTM/Works/NCB-04/2081/82 | 19/9/2081 | 9,133,624.00 | 2082/02/30 | 10,564,677.69 | 3/20/2082 | 20.00 | runnin |
| 5 | Procurement & Delivery of ICT Devices | HTM/Goods/NCB-5/2081/82 | 12/12/2081 | 1,647,500.00 | 12/25/2081 | 1,861,675.00 | | | |
| 6 | Upgrading Works of Road (Purbadhar Nirman) | HTM/Works/NCB-06/2081/82 | 12/1/2081 | 5,481,221.00 | 2/15/2082 | 6,163,048.63 | 3/20/2082 | 50.00 | |
| 7 | Construction works of RCC School Building | HTM/Works/NCB-07/2081/82 | 11/22/2081 | 3,469,549.66 | 2082/02/30 | 4,385,878.57 | 3/20/2082 | 33.33 | |
| 8 | Construction and Completion works of Different RCC School Building | HTM/Works/NCB-08/2081/82 | 11/22/2081 | 7,803,888.30 | 2082/02/30 | 6,826,515.77 | 3/20/2082 | 33.33 | runnin |
| 9 | Construction of Ward Office Building, Ward no-09, Salle | HTM/Works/NCB-09/2081/82 | 11/28/2081 | 8,927,977.86 | 3/6/2082 | 10,156,307.38 | 5/31/2082 | 50.00 | |
| 10 | Simalchour | HTM/Works/NCB- | 12/28/2081 | 3,266,134.00 | 3/11/2082 | 3,609,769.48 | 3/20/2082 | 33.33 | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Bhumju Baghakhor Ratomate Dikuwa Sunkohi Sadak | 10/2081/82 | | | | | | | |
| 11 | Upgrading Works of Lakuri Bhanjyang To Chumakhu Bhanjyang Sadak | HTM/Works/NCB-11/2081/82 | 1/16/2082 | 2,006,541.20 | 3/6/2082 | 2,176,081.18 | | | |
| 12 | Ranga Kate To Wada Karyalay Sadak Marmat | HTM/Works/NCB-12/2081/82 | 1/8/2082 | 2,841,704.30 | 3/6/2082 | 3,069,510.84 | 3/20/2082 | 33.33 | |
| 13 | Supply And Delivery of G.I. And HDPE Pipes Fittings | HTM/Works/NCB-12/2081/82 | 2/21/2082 | 1,686,050.00 | 3/6/2082 | 1,905,236.50 | | 28.57 | |
| 14 | Construction of ward office Building ward No-04 ,Badahare | HTM/Works/NCB-06/2080/81 | 12/13/2080 | 6,894,011.00 | 3/10/2081 | 8,131,082.50 | 9/29/2081 | 150.00 | |
| 15 | Construction of Ward Office Building Ward No-06, Mangaltar | HTM/Works/NCB-07/2080/81 | 11/20/2080 | 7,646,655.50 | 2081/02/32 | 9,747,495.53 | 7/29/2081 | 150.00 | |
| 16 | Construction of Ward Office Building Ward No-10, Arkhaule | HTM/Works/NCB-09/2080/81 | 11/20/2080 | 8,336,409.16 | 2081/02/32 | 9,025,864.80 | 7/29/2082 | 125.00 | |
| 17 | Road Maintenance From Lokebar To Bakhuwa | HTM/Works/NCB-17/2080/81 | 3/27/2081 | 5,408,696.76 | 7/29/2081 | 5,929,531.35 | 9/29/2081 | 60.00 | |

५३ **पन्ध्र शैया नगर अस्पताल -**

नगरपालिकाले वडा नं. ७ हलेसीमा २४९४.४७ बर्गमिटर क्षेत्रफल रहेको १५ शैयाको अस्पताल निर्माणको लागि लागत अनुमान रु.१९,५२,९९,६५१।५० तयार गरी वोलपत्र आह्वान भएकोमा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी नमुना/हिमालयन जे.भि. विराटनगरसँग मिति २०८०।४।७ भित्र निर्माण कार्य सम्पन्न हुने गरी २०७८।४।७ मा रु.१३,७८,९५,५००।५१ को सम्झौता गरेकोमा तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न भएको देखिएन । नगर कार्यपालिकाको निर्णयले प्रथम पटक मिति २०८१।४।७ सम्म,

दोश्रो पटक मिति २०८१।१०।१५ को निर्णयले मिति २०८२।४।७ सम्म म्याद थप भएकोमा सो अवधिमा समेत निर्माण व्यवसायीले कुनै काम गरेको देखिएन । निर्माण व्यवसायीले दोस्रो पटक म्याद थप गर्दा समेत काम नसकेको कारण निर्माण व्यवसायीले मिति २०८२।३।२९ को निवेदनका आधारमा मिति २०८३।३।२९ सम्म म्याद थप गरेको देखियो । हालसम्म निर्माण व्याबसायिलाई रु.४,११,२८,५८९।३२ भुक्तानी भएको छ ।यस सम्बन्धमा देखिएका बेहोरा देहाय बमोजिम रहेका छन्।

५३.१ **डि. पि. आर स्विकृति** - स्वास्थ्य भवन पूर्वाधार डिजाईन तथा निर्माण सम्बन्धि निर्देशिका, २०७३ मा अस्पताल निर्माणको लागि कार्यान्वयन गर्ने निकायबाट तयार भएको डिपिआर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट परिमार्जन गराई मन्त्रालयले डिपिआरमा औंल्याएको वेहोरा सुधार गरी निर्माण कार्य गर्नु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले १५ शैयाको अस्पताल भवन निर्माणको लागि तयार गरेको डि.पि.आर. परिमार्जनको लागि २०७८।८।२३ मा मन्त्रालयमा पठाएकोमा लेखापरीक्षण अवधि सम्म पनि डिजाईन परिमार्जन भएको छैन । यसरी लामो समय सम्म डिजाईन परिमार्जन नगरी निर्माण कार्य गराउँदा मन्त्रालयको स्वीकृत नर्म्स अनुसार निर्माण कार्यमा परिबर्तन हुने देखिन्छ । यस सम्बन्धमा गत विगत वर्षका लेखापरीक्षण प्रतिवेदनमा समेत वेहोरा औंल्याएकोमा स्थिति यथावत रहेको छ । निर्देशिका बमोजिम निर्माण कार्य अगाडि बढाउन नगरपालिकाको ध्यान जानुपर्दछ ।

५३.२ **निर्माण कार्य अनिश्चित** - सार्वजनिक खरिद ऐन,२०६३ को नियम ५२ मा खरिद सम्झौता र सो का शर्तहरु उल्लेख भएको साथै सार्वजनिक खरिद नियमावली,२०६४ मा स्वीकृत ड्रईङ डिजाईन र नक्शा अनुसार भौतिक संरचना निर्माण गर्नु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले अस्पताल भवन निर्माणको लागि तयार गरेको डि.पि.आर. रिभ्यूको लागि २०७८।८।२३ मा मन्त्रालयमा पठाएकोमा लेखापरीक्षण अवधि सम्म पनि डिजाईन रिभ्यू नभएको आर्थिक वर्ष २०८२।८३ मा भवन निर्माणको लागि बजेट विनियोजन नभएको, निर्माण कार्यको समयावधि समाप्त भई म्याद थप समेत नभएकोले निर्माण कार्य अनिश्चित रहेको देखिन्छ । लामो समयसम्म निर्माण कार्य नहुँदा निर्माण गरेको संरचना भत्किने नासिने तथा गुणस्तरमा ह्रास आउने मात्र नभई निर्माण लागत र समय समेत बढ्न जाने देखिन्छ । जिम्मेवार पदाधिकारी तथा निकायले जिम्मेवारीता वहन गर्नुपर्दछ ।

५३.३ **निर्माण कार्यतालिका** - निर्माण व्यवसायिसँग भएको सम्झौताको विशेष शर्तको संझौताको वुँदा नं. SCC ( GCC 34.3) मा उल्लेख भएको शर्तमा निर्माण व्यवसायीले हरेक ६० दिनमा कार्यतालिका नगरेको तथा अपडेट समेत गरेको छैन । सम्झौता वमोजिमको कार्य गर्नु गराउनु पर्दछ ।

५३.४ **स्थलगत निरीक्षण** - पालिकाका कार्मचारी र लेखापरीक्षण टोलीको संयुक्त स्थलगत निरीक्षण भएकोमा निमार्णाधिन अस्पतालको सव वेस र पिलरको कार्य भएको वाँकी काम नभएको देखियो । आर्थिक वर्ष २०८१।०८२ मा १३ वटा पिलर पिन्थ लेभल र वीमको काम गरेकोमा वीमको भुक्तानी भएको देखिएन । निर्माण स्थलमा हाल केही कार्य भएपनि घाँस उम्रेको देखियो । निर्माण स्थलमा रहेका फलामे दण्डीहरुमा खिया लागेको देखियो । उक्त दण्डि निर्माण कार्यमा प्रयोग हुने नहुने गुणस्तर परीक्षण गरेर मात्र प्रयोग हुनुपर्ने देखिन्छ ।



५४ **वडा नं.११ वडा भवन कार्यालय( ठेक्का नं.HTM/Works/NCB-01/2081/82) -**

नागरपालिकाले वडा नं.११ वडा कार्यालयभवन निर्माणको लागि लागत अनुमान रु.१४०७७९४२।४० (मू.कर र कन्टिजेन्सी वाहेक) तयार गरी मिति २०८१।५।२० मावोलपत्र आह्वान भएकोमा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायीलेरु.९५,०८,२६५।४४ कवोल गरेकोमा आर्थिक वर्ष २०८१।८२ को कर चुक्ता प्रमाण पेश नगरेको कारण उक्त निर्माण व्यवसायीलाई पत्र संख्या २०८१।८२ मिति २०८१।७।८ मा ४८ घण्टा भित्रकर चुक्ता प्रमाण पेश गर्न पत्राचार भएकोमा निर्माण व्यवसायी सम्पर्कमा नआएको कारण दोस्रो न्यून अंक कवोल गर्ने सिन्धु काभ्रे कन्स्ट्रक्सन एण्ड सप्लार्यससँग मिति २०८२।२।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८१।७।२१ मा रु.१०४६२७२६।९५ को निर्माण कार्यको सम्झौता गरेकोमा तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न हुन सकेको देखिएन । नगर कार्यपालिकाको निर्णयले प्रथम पटक मिति २०८२।३।२० सम्म म्याद थप भएको, दोश्रो पटक मिति २०८२।३।२९ को निर्णयले मिति २०८२।६।२० सम्म म्याद थप भएको देखियो । यो आर्थिक वर्ष सम्म रु. ८८२७८४१।८२ भूक्तानी भएको छ । सो सम्वन्धमा देखिएका थप वेहोरा देहाय अनुसार छन ।

५४.१ **ईँटाको साईज** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार तयार गर्नुपर्ने उल्लेख छ । DUDBC को Norms no. ५(१)क, ५(२)क अनुसार प्रतिघन मिटरमा ५३० वटा इटा प्रयोग हुने नर्म्स रहेकोमा इँटाको साईज अनुसार इँटाको संख्या थप घट गर्नुपर्ने उल्लेख छ । पालिकाले लागत अनुमान तयार गर्दा प्रति घन मिटर ५६० इँटा प्रयोग गरी दर बिश्लेषण गरेको गर्दा प्रति घन मिटर ३० वटा इटा वढी खपत हुने देखिन्छ । निर्माण व्यवसायीले BOQ को आइटम नं. १० मा ५०.१० घन मिटर र आइटम नं. ११ मा ४४.९५ घन मिटर समेत ९५.०५ घन मिटर काम भएको देखिन्छ । दर विश्लेषण गर्दा ३० वटा ईँटा वढी भएको कारण निर्माण व्यवसायीले ५६० वटा इटा राखी पेश गरेको BOQ को दर रु.११,५००।- भएकोमा ५३० ईँटा प्रयोग हुँदा रु.१०,८८३.९३ हुने देखिन्छ । निर्माण व्यवसायीलाई प्रति घन मिटर रु.६१६.०७ मा मूल्य अभिवृद्धि कर रु.८०.०९

समेत जम्मा रु.६९६।१६ प्रति घन मिटरका दरले वढी भुक्तानी भएको छ । निर्माण व्यावसायीलाई ९५.०५ घन मिटर कामको रु.६६१७०।- बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,१७० |

५४.२ **निर्माण कार्यतालिका** - निर्माण व्यवसायिसँग भएको सम्झौताको विशेष शर्तको संझौताको वुँदा नं. SCC ( GCC 34.3) मा उल्लेख भएको शर्तमा निर्माण व्यवसायीले हरेक ६० दिनमा कार्यतालिका नगरेको तथा अपडेट समेत गरेको छैन । सम्झौता वमोजिमको कार्य गर्नु गराउनु पर्दछ ।

५५ **वडा नं.९ को वडा भवन** -

नागरपालिकाले वडा नं.९ को वडा कार्यालयभवन निर्माणको लागि लागत अनुमान रु.१३९८२९४२।४० (मू.कर र कन्टिजेन्सी वाहेक) तयार गरी मिति २०८१।१०।१० मावोलपत्र आह्वान भएकोमा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी आर श्री ग्रुप कन्स्ट्रक्सन एण्ड इन्टेरियरलेरु.८९,२७,९७७।८६ ( मू.कर र पि.एस. समेत)कवोल गरेकोले उक्त निर्माण व्यवसायीसँग मिति २०८२।३।६ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८१।११।२८ मा रु.१,०४,६२,७२६।९५ बराबर रकमको निर्माण कार्यको सम्झौता गरेकोमा तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न हुन सकेको देखिएन । नगर कार्यपालिकाको निर्णयले प्रथम पटक मिति २०८२।३।२९ को निर्णयले मिति २०८२।६।२० सम्म म्याद थप भएको देखियो । यो आर्थिक वर्ष सम्म रु. ७८६८६५०।२७ भूक्तानी भएको छ । सो सम्वन्धमा देखिएका थप वेहोरा देहाय अनुसार छन ।

५५.१ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार तयार गर्नुपर्ने उल्लेख छ । नागरपालिकाले वडा नं.४ को वडा कार्यालय भवन निर्माणको लागि लागत अनुमान रु.१३८४१९९।२१ तयार गरी मिति २०८०।१०।१७ मा वोलपत्र आह्वान भएकोमा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी नानुमा कन्स्ट्रक्सन तथा सप्लायर्सले रु.७९,१०,२३२।४१ कवोल गरेकोले उक्त निर्माण व्यवसायीसँग मिति २०८१।३।१० सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८०।१२।१३ मा सम्झौता गरेकोमा तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न हुन सकेको देखिएन । नगर कार्यपालिकाको निर्णयले प्रथम पटक मिति २०८१।४।३२ को निर्णयले मिति २०८१।७।२९ सम्म म्याद भई कार्य सम्पन्न भएको देखियो । DUDBC को Norms no. ५(१)क, ५(२)क अनुसार इटाको गाह्रोमा प्रतिघन मिटरमा ५३० वटा इटा प्रयोग हुने नर्म्स रहेकोमा इँटाको साईज अनुसार इँटाको संख्या थप घट गर्नुपर्ने उल्लेख छ । पालिकाले लागत अनुमान तयार गर्दा प्रति घन मिटर ५६० इँटा प्रयोग गरी दर बिश्लेषण गरेको गर्दा प्रति घन मिटर ३० वटा इटा वढी खपत हुने देखिन्छ । निर्माण व्यवसायीसँग भएको सम्झौताको BOQ आइटम नं. १० मा ५५.१७ घन मिटर र आइटम नं. ११ मा ५६.११ घन मिटर समेत १११.२८ घन मिटर ईँटाको गाह्रोको काम भएको देखिन्छ । दर विश्लेषण गर्दा प्रति घन मिटर गाह्रोमा ३० वटा ईँटा वढी भएको कारण निर्माण व्यवसायीले ५६० वटा इटा राखी पेश गरेको BOQ को दर रु.१८०००।- भएकोमा ५३० ईँटा प्रयोग हुँदा रु.१७०३५.७१ मात्र भुक्तानी हुनुपर्ने देखिन्छ। निर्माण व्यवसायीलाई प्रति घन मिटर रु.९६४.२९ मा मूल्य अभिवृद्धि कर रु.१२५.३६ समेत जम्मा रु.१०८९।६५ प्रतिघन मिटरका दरले वढी भएको छ । निर्माण व्यावसायीले पेश गरेको ठेक्का बिल अनुसार १११.२८ घन मिटर काम गर्दा रु.१,२१,२५६।- बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२१,२५६ |

५५.२ **निर्माण कार्यतालिका** - निर्माण व्यवसायिसँग भएको सम्झौताको विशेष शर्तको संझौताको वुँदा नं. SCC ( GCC 34.3) मा उल्लेख भएको शर्तमा निर्माण व्यवसायीले हरेक ६० दिनमा कार्यतालिका नगरेको तथा अपडेट समेत गरेको छैन । सम्झौता वमोजिमको कार्य गर्नु गराउनु पर्दछ ।

५६ **वडा नं.४ को वडा भवन कार्यालय** -

नागरपालिकाले वडा नं.४ को वडा कार्यालयभवन निर्माणको लागि लागत अनुमान रु.१३८४१९९।२१ तयार गरी मिति २०८०।१०।१७ मावोलपत्र आह्वान भएकोमा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी नानुमा कन्स्ट्रक्सन ताथ सप्लायर्सलेरु.७९,१०,२३२।

४१ कवोल गरेकोले उक्त निर्माण व्यवसायीसँग मिति २०८१।३।१० सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८०।१२।१३ मा सम्झौता गरेकोमा तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न हुन सकेको देखिएन । नगर कार्यपालिकाको निर्णयले प्रथम पटक मिति २०८१।४।३२ को निर्णयले मिति २०८१।७।२९ सम्म म्याद भई कार्य सम्पन्न भएको देखियो । सो सम्वन्धमा देखिएका थप वेहोरा देहाय अनुसार छन् ।

**ईँटाको साईज** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार तयार गर्नुपर्ने उल्लेख छ । DUDBC को Norms no. ५(१)क, ५(२)क अनुसार ईँटाको गाह्रोमा प्रतिघन मिटरमा ५३० वटा ईँटा प्रयोग हुने नर्म्स रहेकोमा ईँटाको साईज अनुसार इँटाको संख्या थप घट गर्नुपर्ने उल्लेख छ । पालिकाले लागत अनुमान तयार गर्दा प्रति घन मिटर ५६० ईँटा प्रयोग गरी दर बिश्लेषण गरेको गर्दा प्रति घन मिटर ३० वटा इटा वढी खपत हुने देखिन्छ । निर्माण व्यवसायीसँग भएको सम्झौताको BOQ आइटम नं.१० मा ४४.१ घन मिटर र आइटम नं. ११ मा ४९.२२ घन मिटर समेत ९३.३२ घन मिटर ईँटाको गाह्रोको काम भएको देखिन्छ । दर विश्लेषण गर्दा प्रति घन मिटर गाह्रोमा ३० वटा ईँटा वढी भएको कारण निर्माण व्यवसायीले ५६० वटा ईँटा राखी पेश गरेको BOQ को दर रु.१५०००।- भएकोमा ५३० ईँटा प्रयोत हुँदा रु.१४१९६।४३ हुने देखिन्छ । निर्माण व्यवसायीलाई प्रति घन मिटर रु.८०३।५७ मा मूल्य अभिवृद्धि कर रु. १०४.४६ समेत जम्मा रु.९०८।०३ का दरले वढी भुक्तानी भएको छ । निर्माण व्यावसायीले पेश गरेको ९३.३२ घन मिटर काम गर्दा रु.८४,७३८।- बढी भुक्तानी वढी भएको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८४,७३८ |

५७ **पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च** –

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नुपर्ने र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहले पालना गर्नुपर्ने बजेट शीर्षक समेतको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार पुँजिगत शीर्षकमा विनियोजित बजेटबाट चालु प्रकृतिको रू.१५८७८२९/- खर्च गरेको देखियो। विनियोजित बजेट तथा आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या भन्दा फरक गरी गरेको खर्च नियम सम्मत नदेखिएको रु.

| क्र सं | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | अल इन वान विजिनेश शप प्रा लि | त्रिपाल खरिद | १७१७६० |
| २ | श्री पुजन राना मगर | आर्थिक सहायता | १५००० |
| ३ | अल इन वान विजिनेश शप प्रा लि | त्रिपाल खरिद | ९७१०० |
| ४ | श्री भूमिराज राई | आर्थिक सहायता | १५००० |
| ५ | श्री यादव कुमार राई | आर्थिक सहायता | १८००० |
| ६ | श्री भुप वहादुर आले | आर्थिक सहायताजस्तापात खरिद | ३०००० |
| ७ | ५ जना अग्नि पिडित राहत वितरणको लागि प्रनिल फेन्सी स्टोर | आर्थिक सहायता | ९८५५१ |
| ८ | नयन मेडिको | औषधी खरिद | ४९९८५३ |
